पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १८ | २०७० मंसिर १४ गते शुक्रबार (Nov. 29, 2013) | मूल्य रू. १०/-

## राजनीतिक अन्यौल बढ्ने संकेत

काठमाडौं । दोस्रो संविधानसभाको निर्वाचन परिणामले राजनीतिक शक्ति सन्तुलनमा फेरबदल ल्याएपछि भावी राजनीतिक र संविधान निर्माण प्रक्रियामा अन्यौल उत्पन्न हुन सक्ने सम्भावना बढेर गएको छ । विघटित संविधानसभाले गरेका संविधान निर्माण सम्बन्धी सहमति कार्यान्वयन गर्ने समझदारी दलहरूले गरेका भए पनि नयाँ शक्ति सन्तुलनले त्यसमा असर पर्न सक्ने सम्भावना देखिएको छ ।

विघठित संविधानसभामा उपस्थित भएका प्रमुख दलहरूको अवास्थामा अहिले केही फेर बदल भएको छ । तत्कालीन ठूला दल एमाओवादी, नेपाली कांग्रेस र नेकपा एमालेबीच संविधानका अधिकांश विषयहरूमा सहमति भएको थियो । त्यसबेला संविधानसभामा एमाओवादीको संख्या दुई सय (बाँकी अन्तिम पेजमा)

# भारतले तर्साउँदा प्रचण्ड ठण्डाराम

काठमाडौं । संविधानसभामा जाँदैनौं, संविधानसभाको निर्वाचन परिणाम मान्दैनौं भनेर घुर्की, तपर्की लगाइरहेका बेलामा भारतीय राजदूत रञ्जित रेले प्रचण्डलाई भेटेर निर्वाचन निष्पक्ष र धाँधलीरहित भएको मात्र बताएनन्, दिल्लीमा भएको १२ बुँदे सहमतिको अन्तिम कार्य सम्पन्न गर्ने बेला आयो भनेर सम्झना गराएपछि प्रचण्डको रोन डाउन मात्र भएन, उनले पत्यक्ष निर्वाचन जितेको २६ स्थानमा विजयोत्सव मनाउन







निर्देशन समेत जारी गरे । स्मरणीय छ, भारतीय राजदूत रे १२ बुँदे सहमतिका लेखक हुन् ।

आफ्नो राजनीतिक मृत्युबाट उम्कन र राजनीतिक भविष्य सुनिश्चित गर्नैका लागि प्रचण्डले पार्टीको पदाधिकारी र केन्द्रीय समितिको बैठक डाकेर सहमतिको आधारमा नयाँ संविधान लेख्न कांग्रेस र (बाँकी अन्तिम पेजमा)

## वैद्यको सर्तले प्रचण्ड जिल्लाराम

काठमाडौँ । वैद्य र उनका पछि लागेका ३३ दल नआए नआउन् भनेर चुनावमा गएका प्रचण्ड तीन बल्ड्याङ खाएर कार्यगत एकता गरौं भन्दै आएपछि वैद्य खेमा भाले हुन पुगेको छ । प्रचण्डको राँणे रूवाइ सुनिसकेपछि नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले प्रचण्डलाई संविधानसभाबाट राजीनामा दिएर आए कार्यगत एकता हुनसक्छ भनेर सर्त तेर्स्याएपछि अमिलो अनुहार लगाएर फर्केका प्रचण्ड संविधानसभाको कोर्स नछाड्ने निर्णयमा पुगेका छन् ।

आफ्नो सेफ ल्यान्डिङका लागि वर्षमान पुनको नेतृत्वमा छानविन आयोग बनाएर संविधानसभामा छिर्न लागेका प्रचण्डले अहिले पनि धाँधली भएकै ठहर गरेका छन् । तर मंसिर ४ को निर्वाचन नेपालको इतिहासमै सबैभन्दा (बाँकी अन्तिम पेजमा)

## हारपछि धाँधलीको आरोप जनताको अपमान

काठमाडौं । मंसिर ४ गते सम्पन्न भएको दोस्रो संविधानसभाको निर्वाचनपछि मुलुकले नयाँ दिशा लिने र संविधान निर्माण हुने आशा पलाएकोमा एमाओवादीले फेरि मुलुकलाई अन्यौलमा लान सक्ने सम्भावना बढेको छ । मंसिर ४ गते सम्पन्न भएको संविधानसभाको निर्वाचनलाई एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले स्वतन्त्र निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न भएको भन्दै सोही दिन सरकार, नेपाली जनता र निर्वाचन आयोग र सुरक्षा निकायलाई समेत धन्यवाद दिएका थिए ।



संविधानसभाको चुनावको प्रारम्भिक परिणाम आउनासाथ एमाओवादी नेतृत्वले एकाएक रूपमा आफ्नो पराजय देखेपछि मध्यरातमा निर्वाचन परिणामलाई स्वीकार नगर्ने उद्घोष गरेर नेपाली जनताको अपमान मात्र गरेको छैन, जनतालाई नै अविश्वास गर्नुले सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको अधिकारमाथि नै खेलवाड गरेको छ । जनताले आफ्नो विवेक प्रयोग गरेर दलहरूलाई मतदान गरेका थिए । दलहरूका लागि जनता नै न्यायाधीश हुन्, न्यायाधीशले दिएको न्यायलाई दलहरूले (बाँकी अन्तिम पेजमा)

## औंला आफैंतिर पनि फर्कन सक्छ



काठमाडौँ । निर्वाचन आयोगले संविधानसभा चुनावका सबै प्रक्रियाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसार भएको भन्दै चुनावको निष्पक्षतामा प्रश्न उठाएर केही दलहरूले गरिरहेका प्रचारप्रति दुःख व्यक्त गरेको छ- निर्वाचन आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीले शनिबार पत्रकार सम्मेलन गरेर सबै पक्षको अवलोकनमा भएको चुनावी प्रक्रिया कुनै हालतमा पनि पुनरावलोकन हुन नसक्ने प्रष्ट पारेका छन् ।

निर्वाचनलगत्तै चुनाव सफल भएको सार्वजनिक अभिव्यक्ति दिएका एमाओवादीका नेताहरूले चुनावी परिणाम आफ्नो पक्षमा नआएको र आफ्नो पार्टीको हार हुने देखेपछि सम्पूर्ण प्रक्रिया नै पुनरावलोकन (बाँकी अन्तिम पेजमा)

## पूर्वराजाको पनि योगदान

*शाश्वत शर्मा खतिवडा*



राप्रपा नेपालले प्रत्यक्षतर्फको चुनावमा 'सम्मानजनक' हार को सामना गर्नु परे पनि समानुपातिकतर्फ यो पंक्ति लेखुन्जेल (करिब ६ लाख) वरियताक्रममा चौथो स्थानमा पुग्नुमा प्रमुख दलहरू भनिएका काँग्रेस, एमाले र एमाओवादीपछि मधेसवादी दलहरूको अकर्मण्यता, नालायकीपन तथा देश र जनताप्रतिको उनीहरूको उदासिनताले गर्दा त हुँदै हो । त्यो बाहेक राप्रपा नेपालका लागि अर्को सकारात्मक कुरा चैं यसले उठाएका मुद्दाहरू अनि (बाँकी अन्तिम पेजमा)



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

– अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# जनताले दिए दण्ड र पुरस्कार

*संविधानसभाको दोस्रो निर्वाचनको परिणामले नेपालका राजनीतिक दलहरुलाई जनताले मिलेर जाउ र संविधान निर्माण गर भन्ने आदेश दिएका छन् । जनताले दिएको आदेशलाई अस्वीकार गर्ने अधिकार दलहरुलाई छैन/हुँदैन । लोकतान्त्रिक पद्धतिमा जनताको आदेश नै अन्तिम आदेश हुने भएको हुनाले उक्त आदेशलाई पालना गर्नु दलहरुको कर्तब्य र दायित्व समेत हो । २०६४ साल चैत्र २८ गते सम्पन्न भएको संविधानसभाको पहिलो निर्वाचनमा सबैभन्दा ठूलो दल भएको एमाओवादीले सबै दलको सहमति लिएर संविधान निर्माण गर्नु पर्नेमा उसले आफू ठूलो दल भएको दम्भ त्याग्न नसकेको हुनाले संविधानसभाको दोस्रो निर्वाचनमा जनताले उसलाई पत्याउन सकेनन् र उसलाई तेस्रो ठूलो दलमात्र बनाई दिए ।*

*एमाओवादीले २०६९ जेष्ठ २ गते तीन ठूला दलहरुबीच भएको सहमति पालना गरेको भए पहिला नै मुलुकले संविधान पाइसक्ने थियो तर उसले त्यसबेला पहिला सहमति गर्ने अनि पछि त्यही सहमतिबाट पछि हटेको हुनाले २०६९ जेष्ठ २ गतेको सहमति अलपत्र मात्र परेन, संविधानसभाको माग गर्ने पार्टीकै नेता प्रधानमन्त्री भएको बेला संविधानसभाको हत्या नै हुन पुग्यो । अहिले अवस्था फेरिएको छ । दलहरुको हैसियतमा समेत भिन्नता देखिएको छ । हिजो सबैभन्दा ठूलो दल भएको एमाओवादी आज तेस्रो स्थानमा पुगेको र हिजो दोस्रो ठूलो दल नेपाली काँग्रेस संविधानसभामा सबैभन्दा ठूलो दल हुन पुगेको छ भने तत्कालीन संविधानसभामा तेस्रो ठूलो दल रहेको नेकपा एमाले आज दोस्रो ठूलो दल भएर संविधानसभामा प्रवेश गर्ने भएको छ । जे होस् दलहरुले हिजो गरेका गल्ती र कमीकमजोरीहरुलाई जनताले दण्ड र पुरस्कार समेत दिएका हुनाले अब दलहरुले मिलेर जानु बाहेकका अन्य केही विकल्पहरु बाँकी देखिएको छैन । मुलुक अहिले अन्तरिम संविधानबाट संचालित भएको छ । अन्तरिम संविधानबाट मुलुक संचालित हुनुपर्दा अनेक प्रकारका विकृतिहरु बढ्दै गएको र विकास निर्माणले सार्थकता पाउन नसक्दा त्यसको प्रत्यक्ष मार जनताले भोग्नु परेको अवस्थामा अब दलहरुले संविधान निर्माणलाई पहिलो प्राथमिकतामा राखेर अगाडि बढ्नै पर्दछ तब मात्र नयाँ संविधान निर्माण हुन सक्छ ।*

*दलहरुले पहिले संविधानसभामा देखाएका जस्ता चरित्र अब देखाउन बन्द गर्नै पर्दछ । सत्तामा पुग्ने र सत्ता गिराउने खेलमा हिजो दलहरु सक्रिय भएर संविधान निर्माणलाई भन्दा सत्तालाई पहिलो प्राथमिकतामा राखेका हुनाले हिजो संविधान निर्माण हुन नसकेको सत्य वास्तविकता भए पनि त्यसभन्दा बढी विवाद र अन्य केही विषयहरुमा देखिएको हुनाले संविधान निर्माण हुन सकेन । एमाओवादीले तत्कालीन अवस्थामा आफू ठूलो दल भएको नाताले उसले देखाउनु पर्ने उदारता देखाउन सकेन अब नेपाली काँग्रेस र नेकपा एमालेले आफूहरु ठूलो दल भएको घमण्ड र दम्भ हिजोकै एमाओवादीको जस्तो देखाएको खण्डमा अब पनि संविधान निर्माण नहुने ठोकुवा  गर्न सकिन्छ । त्यसै कारण अब संविधान निर्माण हुने नहुने नेपाली काँग्रेस र नेकपा एमालेमै भर पर्दछ ।*

*निर्वाचनको परिणामलाई लिएर दलहरुले विवाद सिर्जना गर्नुभन्दा जनताले दिएको आदेशलाई शिरोधार्य गर्दै अगाडि बढेको खण्डमा मात्र त्यस्ता दलहरुको हैसियत कायम रहन सक्छ । एमाओवादी नेतृत्वले हिजो देखाएको गैर राजनीतिक चरित्र र मुलुकलाई एकल जातीय पहिचानका आधारमा प्रदेश बनाउने उसको प्रतिवद्धतालाई जनताले पूर्ण रुपमा अस्वीकार गरी दिएका छन् । त्यसै गरी सत्ताका लागि पार्टी विभाजित गराउने र सत्तालाई सबैथोक ठान्दै एक मधेस एक प्रदेश बनाउने उद्घोष गर्ने मधेसवादी दलहरुलाई समेत जनताले अस्वीकार गर्दै मधेसवादी दलहरुलाई दण्ड दिएर उनीहरुलाई मधेसबाटै नराम्रोसँग पराजित गरिदिएका हुनाले अब एमाओवादी र मधेसवादी दलहरुले हिजो गरेका गल्ती र कमीकमजोरीहरुलाई सच्याउँदै अगाडि बढेको खण्डमा मात्र मधेसका जनताले उनीहरुलाई पत्याउन सक्ने छन् । २०६४ सालमा सम्पन्न भएको संविधानसभामा मधेसवादी दलहरुको संख्या तीन रहेकोमा पछि तिनै दलहरु विभाजित हुँदै करिब डेढ दर्जनको संख्यामा पुगेका र एकले अर्कोलाई आरोप, प्रत्यारोप लगाउँदै सबै मधेसवादी दलहरु चुनावमा गएका हुनाले मधेसका जनताले उनीहरुलाई पत्याउनुको सट्टा राष्ट्रिय दलहरुलाई नै पत्याएका छन् । क्षेत्रीय दलहरुले मधेसका जनतालाई सत्तामा पुग्ने भर्‍याङ मात्र बनाएका हुनाले मधेसका जनताले बाध्य भएर राष्ट्रिय दलहरुलाई पत्याए र उनीहरुकै पक्षमा मतदान गरेपछि अब मधेसवादी दलहरु एकजुट हुनुपर्ने अवस्थामा उनीहरु पुगेका छन् ।*

*एमाओवादीले क्षेत्रीय र जातीय मुद्दालाई आफ्नो पहिलो प्राथमिकतामा राखेर त्यसै अनुसार आफ्नो नीति र घोषणा-पत्र जारी गरेकोमा त्यसलाई जनताले पूर्ण रुपमा अस्वीकार गर्दै वहुपक्षीय वा बहुभाषीय प्रदेश बनाउने पक्षमा नै आफ्नो समर्थन जनाएका हुनाले अब प्रदेशहरुको निर्माण एकल जातीय बनाउने मुद्दालाई एमाओवादीले त्याग्नै पर्छ । नेपाल जस्तो बहुभाषीय मुलुकमा कुनै हालतमा पनि एकल जातीय पहिचानको आधारमा प्रदेशहरुको निर्माण हुन नसक्ने ठहर जनताले गरेर त्यसै अनुरुप आफ्नो अधिकार प्रयोग गरेका हुनाले अब सबै दलहरुले त्यसलाई स्वीकार गर्दै ठूलो-सानो पार्टी भएको घमन्ड र दम्भ त्यागेर अगाडि बढ्न हामी दलहरुलाई आग्रह गर्दछौं ।*

# वैद्यलाई संविधनसभामा ल्याए चुनावको औचित्य समाप्त

*देवेन्द्र चुडाल*

मंसिर ४ गते सम्पन्न भएको संविधानसभाको दोस्रो निर्वाचनमा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल हुने प्रायः निश्चित भएको छ । पहिलो संविधानसभको निर्वाचनमा सबैभन्दा ठूलो दल भएको एनेकपा माओवादी अहिले तेस्रो स्थानमा रहन बाध्य भएको छ भने पहिलो संविधानसभामा तेस्रो स्थानमा रहेको नेकपा एमाले समेत नेपाली कांग्रेसकै हाराहारीमा मत प्राप्त गरी दोस्रो स्थानमा रहेको छ । चुनावको परिणाम आउनेक्रम जारी रहेकै बेला एमाओवादीले चुनावमा धाँधली भएको आरोप लगाउँदै चुनावी परिणामलाई अस्वीकार गरी संविधनसभामा नजाने जुन निर्णय गर्‍यो त्यो आफैंमा आपत्तिजनक र गैरराजनीतिक चरित्र देखाएकोमा संविधानसभामा नजाने निर्णयपछि नेपालमा रहेका विभिन्न मुलुकका कुटनीतिक नियोगका प्रमुखहरूले एमाओवादीलाई आफ्नो निर्णयलाई पुनरावलोकन गर्न दबाब दिएपनि एमाओवादीले आफ्नै घोषणा पत्र विपरितका सर्तहरू अघि सारेर कांग्रेस र एमालेलाई आफूले भने जस्तो गर्न दबाब दिएको छ । एमाओवादीले बहुमतीय प्रक्रियाबाट संविधान र सरकार बनाउने भन्दै जनतासँग भोट मागेको थियो, तर जनताले उसलाई पत्याएनन् र चुनावी सम्पूर्ण प्रक्रिया पुरा नहुँदै बहुमतीय पद्दतिबाट होइन सहमतीय पद्धतिबाट संविधान र सरकार निर्माण गर्ने प्रस्ताव गर्नुले आफैंले जारी गरेको घोषणा पत्र केवल देखाउँने दाँत मात्र भएको छ । एमाओवादीले आफ्नै घोषणा पत्र विपरित संविधान संशोधन गरी सहमतीय प्रणाली अपनाउनु पर्ने मागलाई संविधानसभामा प्रवेश गर्ने पूर्व सर्तका रूपमा अगाडि सारेको छ । गत सोमबार बसेको  एमाओवादीको केन्द्रीय समितिको बैठकले सहमतीय प्राणाली स्थापित गरी संविधान नै संशोधन गर्नुपर्ने शर्त अगाडि सार्ने निर्णय गरेको थियो । अब उसले सहतीय प्रणालीमा जान कांग्रेस र एमाले सहमत भएको खण्डमा एमाओवादी संविधानसभा र सरकारमा समेत जान तयार भएको छ ।

दोस्रो संविधानसभामा कांग्रेस र एमालेको संख्या जोड्दा दुई तिहाई पुग्ने र अन्य केही दलहरूले समेत कांग्रेस-एमालेलाई नै साथ दिन सक्ने अवस्था आएको र आफ्नो पार्टीको उपस्थिति सानो संख्यामा रहने भएको हुनाले उसले संविधान निर्माण र सरकारमा समेत आफ्नो भूमिका खोज्नका लागि सहमतीय प्रणाली अपनाउनु पर्ने सर्त अगाडि सारेको हो । पहिलो संविधानसभामा एक तिहाईभन्दा बढी सिट हुँदा सहमतीयबाट जाँदा हटाउने कुनै आधार हुँदैन भन्दै बहुमतीय प्रणालीमा लगियो । तर अहिले ठूला भनिएका तीन दलहरूको भूमिका फेरिएको र एमाओवादी बाहेककै दलहरूको दुई तिहाई पुग्ने अवस्था आएपछि एमाओवादीले सहमतीय प्रणाली अपनाउनु पर्ने सर्त अगाडि सारेको छ । आफू बाहेकका अन्य दलहरूले नै दुईतिहाईका आधारमा संविधान निर्माण गर्दै जाने र एमाओवादी फट्केको साक्षी किनारमा मात्र बस्ने आँकलन गरेर एमाओवादीले सहमतीय प्रणालीलाई अघि सारेको हुनुपर्छ । एमाओवादीले आफ्नो घोषणा पत्रमा छ महिना भित्रमा संविधानका[illegible] बाँकी विषयहरूमा दलहरूबीच सहमति नभए बहुमतका आधारमा निर्णय गर्ने प्रष्ट रूपमा उल्लेख गरेको छ । घोषणा पत्रमा दलहरू बीच सहमति कामय हुन सकने भने हामी संविधानसभाको प्रक्रियामा लगेर लोकतान्त्रिक तरिकाले मुद्दाहरूको टुंगो लगाउने छौं र एक वर्षभित्र हामी तपाईंलाई नयाँ संविधान दिन्छौं । यो हाम्रो भीष्मप्रतिज्ञा हो भन्ने उल्लेख गरिएको छ । तर ठीक त्यसको विपरित एमाओवादी उभिन पुग्नुले एमाओवादीको घोषणा पत्र हात्तीको देखाउने दाँत जस्तो मात्र भएको छ । आफूले चुनाव जित्ने आकंलन गरी अरू दलहरूलाई जबर्जस्ती आफ्नो एजेन्डामा सहमति गराउने प्रयास, सहमति नभए बहुमतीय पद्धतिबाट संविधान निर्माण गर्ने एमाओवादीको रणनीतिलाई जनताले बुझेरै होला उसलाई तेस्रो शक्तिका रूपमा संविधानसभामा पुर्‍याइदिए । यहाँनेर के प्रष्ट हुन्छ भने एमाओवादी अन्य दलहरूलाई पेलेरै लाने रणनीतिक उद्देश्यका साथ चुनावमा गएको थियो । तर जनताले उसलाई पत्याउन सकेनन् । त्यसै कारण उसको बोली अहिले फेरिएको छ ।

नेपाली काँग्रेस र नेकपा एमालेका नेताहरूले पनि पछिल्लो समयमा सहमतिकै कुरा गरिरहेका भए पनि दुवै पार्टीहरू भने अहिले संविधान नै संशोधन गर्नुपर्ने पक्षमा रहेका छैनन् । अन्तरिम संविधान जारी गर्दा संविधान जारी नभएसम्मका लागि भनेर सहमतीय प्रणालीको व्यवस्था गरिएको थियो तर पहिलो संविधानसभा निर्वाचनबाट एमाओवादी ठूलो पार्टी भएपछि त्यसलाई संशोधन गरी बहुमतीय प्रणालीको व्यवस्था गरेर मात्र तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा दिएका थिए । अहिलेको अवस्थामा एमाओवादी तेस्रो स्थानमा पुगेपछि उसले सहमतीय प्रणालीका कुरा उठाउनुको पछाडि रणनीतिक चाल पनि हुन सक्छ । सहमतीय प्रणालीमा गएपछि चुनाव बहिष्कार गरेको नेकपा-माओवादीसहितको ३३ दलीय मोर्चालाई समेत संविधान संशोधन गरेर संविधानसभामा सदस्यहरूको संख्या बढाएर नेकपा-माओवादीलाई उचित संख्या दिएर संविधानसभामा पुर्‍याउने र त्यसको केही समयपछि नेकपा-माओवादीलाई आफ्नो पार्टीमा विलय गराउँदै अन्य केही साना पार्टीलाई समेत आफ्नो पार्टीमा प्रवेश गराएर संविधानसभामा सबैभन्दा ठूलो पार्टी हुने रणानीतिमा एमाओवादी नेतृत्वभित्रै लागेको अनुमान सहजै गर्न सकिने अवस्था देखिएको छ । पछिल्लो समयमा चुनावमा धाँधली भएको भन्ने एमाओवादीको आरोपलाई मधेसी जनअधिकार फोरम नेपाल, संघीय समाजवादी पार्टीलगायतका  अन्य केही साना  दलहरूले समर्थन गरेका र संघर्षका कार्यक्रममा उनीहरूले मोर्चाबन्दी गरी अगाडि बढ्न सक्ने भएको हुनाले केही  साना पार्टीहरू एमाओवादीमा विलय भएको खण्डमा र नेकपा-माओवादीलाई ६०-७० सिट दिएर संविधानसभामा पु¥याएको खण्डमा एमाओवादी फेरि गैरकानुनी ढंगले संविधानसभामा ठूलो दल बन्न सक्ने अवस्था आउन सक्छ । नेकपा-माओवादीका उपाध्यक्ष सिपी गजुरेलले हालै एक सार्वाजनिक कार्यक्रममा त्यसको केही संकेत दिएका छन् । संविधान निर्माणका लागि ठूला दलहरूले आफ्नो पार्टीलाई उचित स्थान दिएर संविधानसभामा पुर्‍याएको खण्डमा आफुहरू संविधानसभा र सरकारमा जान तयार रहेको भन्दै सिट संख्याका बारेमा दलहरूसँग कुराकानी भएको तर सिट संख्याको टुंगो लागि नसकेको प्रष्ट पारेका हुनाले चुनाव बहिष्कार पनि एक रणनीतिक चालमात्र रहेछ कि भन्ने आशंका जनतामा उब्जिएको छ । चुनावलाई सक्रिय रूपमा बहिष्कार गरेको नेकपा-माओवादीले चुनावमा भागै नलिई अथवा जनताको अदालतमा पुग्दै नपुगी संविधानभसामा हामीलाई यति सिट दियौ भने मात्र हामी संविधानसभामा जान्छौं भन्नु राजनैतिक बेइमानी सिवाय अन्य केही हुन सक्दैन ।

संविधानसभाको दोस्रो निर्वाचनमा सहभागी भएका एक जनताले एमाओवादीको नेतृत्वको एजेण्डालाई पूर्ण रूपमा अस्वीकार गरिदिएका छन् । एकल जातीय पहिचानका आधारमा संघीयतामा जाने एमाओवादीको एजेण्डालाई पहाड, तराई, मधेस र हिमालका जनताले समेत अस्वीकार गरिदिइसकेका र एक मधेश एक प्रदेशको पक्षमा रहेका मधेसवादी दलहरूको एजेण्डालाई समेत मधेसकै जनताले अस्वीकार गरिसकेको अवस्थामा अब दलहरूले त्यस्ता विषयमा कुनै विवाद सिर्जना गर्नुपर्ने अवस्था नै छैन । एक मधेस एक प्रदेशको वकालत गर्दै आएका मधेसवादी दलहरूले समेत उनीहरूको घोषणा पत्रमा केहीले बाहेक अन्यले प्रदेशका बारेमा उल्लेख नै गरेका थिएनन् । मधेसका जनताले सत्ताको लागि पार्टी गठन गर्ने, पार्टी विभाजन गर्ने र दल बदल गरेर सत्तामै रमाउन चाहने व्यक्तिहरूलाई  नराम्रोसँग पराजित गरेर आफूहरू विभाजनको पक्षमा नरहेको प्रमाणित गरिदिएका छन् । मधेसमा मधेसी जनता र पहाडी मुलुकका जनताबीच रहेको घनिष्ट सम्बन्धलाई तोड्न खोज्ने व्यक्तिहरू अहिलेको चुनावबाटै पछारिएका छन् । मधेसलाई वा मधेशी जनताको हितलाई भन्दा सत्तालाई पहिलो प्राथमिकतामा राखेर झन्डै १५ वर्षसम्म एकलौटी रूपमा मन्त्री बन्न सफल भएका सदाबहार मन्त्रीको उपमा पाएका सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले चुनाव हारेपछि तराईकै जनता खुसी भएका छन् । आखिरी किन ? १५ वर्षसम्म मन्त्री हुँदा तराईका जनताले महतोबाट के पाए त ? मधेसका जनता अहिले त्यसको उत्तर खोजिरहेका छन् । नेपालको भविष्य सुनिश्चित गर्नुछ भने नेपाली काँग्रेस र नेकपा एमालेले ठूलो दलको हैसियतमा रहेर कुनै अतिवादसँग घुँडा टेक्नु आवश्यक छैन । दुवै दलले लोकतन्त्र र राष्ट्रियताका पक्षमा सहकार्य गर्दै सम्पूर्ण लोकतान्त्रिक शक्तिहरूलाई सहमतिमा लिएर अघि बढ्नु आजको आवश्यकता हो । जनताले काँग्रेस र एमालेलाई भरपर्दो लोकतान्त्रिक शक्तिका रूपमा हेरेका हुनाले नै उनीहरू संविधानसभामा पहिलो र दोस्रो स्थानमा पुग्न सफल भएका हुन् । यदि नेपाली काँग्रेस र नेकपा एमालेमा पनि फेरि ठूलो पार्टी भएको घमण्ड र दम्भ भरिएको अवस्थामा न त संविधान निर्माण नै हुनसक्छ न त जनताको अवस्थामै सुधार हुनसक्छ । ठूलो पार्टी त हिजो एमाओवादी पनि थियो, तर उसले अहिले आफ्नो पहिलाको हैसियत कायम गर्न सकेन, किन ? यी सबै तथ्यहरूलाई मनन् गरेर साना ठूला सबै दलहरूलाई संख्याको आधारमा भन्दा पनि दलहरूको आधारमा सम्मान गर्नु सक्नुपर्दछ । दोस्रो संविधानसभामा पुग्ने सबै दलहरूलाई सम्मान गर्दै उहीहरूको पनि सहमति र समर्थनमा सरकार निर्माण र संचालन गरिएमा मात्र काँग्रेस र एमाले ठूलो दल भएको सार्थकता हुनेछ । अन्यथा ५ वर्षपछि काँग्रेस र एमालेको हालत पनि अहिलेको एमाओवादीको जस्तै हुँदैन भनेर किन नभन्ने ?

*devendrachudal@gmail.com*

# दक्षिण एसियामा इण्डिया डक्ट्रिन



राजन कार्की

नेपालको सत्तासँग खेलबाड गर्ने भारतको पुरानै बानी हो । यही बानीका कारण आजसम्म पनि भारतको छिमेकी मुलुकहरूसँग 'अच्छा' सम्बन्ध छैन । छिमेकी मुलुकहरूमा घृणित भएर पनि राजनीतिक प्रभाव राख्न सकेकोमा भारत खुशी छ । तर यो उसको खुशी जुनसुकै बेला पनि गर्लम्मै ढल्नसक्छ ।

छिमेकी मुलुकहरूमा झगडाको बिउ रोप्ने काम भारतले गर्दै आएको छ । पहिले भारत राजसंस्थासँग भारतको स्वार्थ खोज्थ्यो, परिवर्तित सन्दर्भमा राजनीतिक दलहरूलाई साधन बनाइरहेको देखिन्छ । यो नेपालकोमात्र होइन, अन्य छिमेकी मुलुकको पनि हो । तर, पाकिस्तान आफ्नो स्वार्थलाई त्याग्न तैयार नभएपछि स्वतन्त्रतापछिका आजसम्मका दिनमा पनि भारत र पाकिस्तानवीच झगडा जारी छ । झगडाको कारण काश्मिरलाई बनाइएको छ । काश्मिरमा भारतले राष्ट्रसंघमा कबुल गरेका कुरा पूरा नगर्दा यो झगडा चर्कंदै कहिले शान्ति, कहिले युद्ध र कहिले बैमनुष्यतामा परिणत हुँदै अएको छ ।

खासगरी नेपालका सन्दर्भमा अर्कातिर प्रजातन्त्रको नाममा शासन गर्ने रहर बोकेका महत्वाकांक्षी ब्राम्हणहरूले गरिमामय सत्ता हत्याउनासाथ शासकीय ज्ञान र संस्कारसमेत नभएका कारण राष्ट्रिय महत्वमाथि दरिद्र स्वार्थ थोपर्दै गएका हुन् । यही कारणले गर्दा राजबंशी र सत्यानासी सत्तापिपासुकावीच फाटो आउनु स्वभाविकै थियो । राजसंस्थाको चाहना थियो- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकता कायम राख्न राजा र जनता मिलेर राष्ट्रिय स्वाभिमानलाई अझ शक्तिशाली बनाउन प्रजातन्त्र प्रणाली । यसै आशामा त्रिभुवनले मेलमिलापको रणनीति अंगालेर जहाँनिया शाशक शत्रु मोहनशमशेर र भारतमा भौंतारिरहेका प्रजातन्त्रवादी नेता वीपी कोइरालालाई समेत प्रजातन्त्रको घोषणा गर्दै आफूसँगै दिल्लीबाट नेपाल फर्केको इतिहास साक्षी छ, मेटेर मेटिन सक्दैन, न छेकेर छेकिन्छ ।

आपसी मतभेद शत्रुता नाश गरेर जनताको सहभागिता एवम् सहयोगका साथ प्रजातान्त्रिक प्रणालीलाई सहज ढंगले बलियो र मर्यादित तुल्याउँदै स्वाधीन नेपालको रक्षा गर्दै अगाडि बढ्नु थियो । जसका लागि संवेदनशील विवेकी नेपाल आमाप्रति समर्पित प्रजातन्त्रवादी नेताहरूको सहयोग बिना सम्भव थिएन । शत्रु मोहनशमशेरसँगै वीपी कोइरालालाई समेत आफूसँगै ल्याउन कम महत्व दिएको थिएन । यो सत्यतथ्यलाई बुझ्नका लागि यो पनि बुझ्न अनिवार्य छ कि राणा जहानियाँ शासनको विरूद्धमा संघर्ष गर्नेहरूमा वीपी कोइरालामात्र एक्लै नता थिएनन् । खास गरेर नेपाली कांग्रेसका रङ्रूट युवा पिंढीले यो पनि बुझ्नु जरूरी छ कि नेहरूको प्रियपात्र मोहनशमशेर थिए, वीपी कोइराला होइन । वीपीलाई यथार्थमा मर्यादा र महत्व दिने राजा त्रिभुवन थिए । जनताको नेता बनाउनका लागि पनि र प्रजातन्त्रको जग बसाल्नका लागि पनि नेताको खाँचो हुन्छ । त्यो महत्व राजाबाट वीपीले नै पाएका थिए । तर राजाले जुन आशा भरोसा राखेर वीपीमाथि विश्वास गरेका थिए, त्यसमाथि तुषारापात त्यसबेला भयो जब वीपीले राणा कांग्रेसको मिलिजुली सरकारको गृहमन्त्रीको पदबाट राजीनामा गरेर राष्ट्रिय संकट सिर्जना गरेका थिए । नेहरूको पञ्जाबाट राष्ट्रिय स्वाधीनताको रक्षा गर्न खोज्ने राजसंस्था र सत्ता अधीनमा राख्न खोज्ने महत्वाकांक्षी वीपीवीच त्यसैबेलादेखि फाटो आएको हो । जुन समयक्रममा बढेर गएको थियो । राजा त्रिभुवनले गद्दीको बाजी जुन उद्देश्यले लगाएका थिए, त्यो कम जोखिमपूर्ण थिएन ।

**इतिहासमा राजसंस्थाले वीपीको दादागिरी स्वीकार्न गद्दीको बाजी लगाएको थिएनन् । जहाँसम्म प्रजातन्त्रको सवाल छ, सन्दर्भमा राजसंस्था अनभिज्ञ पनि थिएन । प्रजातन्त्रकै जग बसाल्न र जहाँनिया शासनको अन्त गर्नका लागि नै राजा त्रिभुवन र सहीदहरूवीच गोप्य सहमति भएको थियो । तर त्रिभुवनले भारतबाट फर्किने बेलामा नेहरूका प्रिय मोहनशमशेर र अर्कोतर्फ नेहरूका विपक्षी वीपीलाई प्रजातन्त्रको स्थापनाका लागि सन्तुलित राख्दै प्रजातन्त्रको घोषणा गरेका थिए । यो यथार्थलाई बाहुन नेताहरूले बुझेनन् र आजसम्म पनि काँचो राजनीति खेलिरहेका छन्, देश बर्बाद पारिरहेका छन् ।**

यदि समयमै सही कदम नचालेको भए विस्तारवादी नेहरूले प्रजातन्तको बिगुल फुक्नुभन्दा ६ महिना १८ दिन पूर्व असमान गोप्य सन्धि गरेर राणा मोहनशमशेरलाई आफ्नो पञ्जामा कसिसकेको थियो । नेहरू र वीपीको भारतीय नेताहरूका समूहवीच ३६ को आँकडा भएकाले नेहरू वीपीको पक्षमा नभएको बेला त्रिभुवनको राजनीतिमा प्रत्यक्ष प्रवेश नभएको भए सन्धि माष्टर नागराज नेहरूले तत्कालीन श्री ३ महाराज मोहनशमशेरलाई मोहरा बनाएर काश्मीरको महाराजा हरिसिंह बनाउने सम्भावन थियो । यदि मोहनशमशेरलाई नेपालको हरिसिंह बनाएर काश्मीर बनाइदिएको भए वीपी कोइराला जस्ता नेताहरूका औकात काश्मीरका स्वर्गीय नेता शेख अब्दुल्लाको जति पनि हुने थिएन । यसकारण महत्वहीन ठहऱ्याउने प्रयास नगर । गुम्न लागेको नेपाललाई नेहरूको पञ्जाबाट जोगाई दिएकाले नै जनताले राजा त्रिभुवनलाई राष्ट्रपिताको संज्ञा दिएका हुन् । स्वीकार पनि गरेका हुन् ।

प्रजातन्त्रको घोषणापूर्व नै नेहरूले सन १९५० को सन्धि गरिसकेकोले प्रजातन्त्रको साथमा समस्या पनि पठाएका थिए । १०४ वर्ष अवधिमा राणाहरूका अधीनमा रहेको निर्वल राजदरवारमा भारतीय सल्लाहकारको बहानामा घेरिएको थियो । संसदमा भारतीय पर्यवेक्षकहरू विराजमान थिए । सेनामा राणाहरूकै पकड थियो । सबै स्थिति राम्ररी बुझेर राजा र जनताका तर्फबाट जिम्मेवारी बोकेका नेताहरू र खास गरेर वीपी कोइराला जसलाई राजा त्रिभुवनले खास महत्व दिएका थिए, समयले खडा गरिदिएका समस्याहरूसँग मुकाबिला गर्न आपसी सहमति र एकअर्कालाई सहयोग गरेर राष्ट्रिय हितको निम्ति राजनीतिक कदम उठाउनुको साटो उल्टो नागराजा नेहरूलाई प्रोभोक गर्ने खालका कदम उठाएर मोहनशमशेरलाई ढाल्न कदम उठाए । राजदरवार बलियो अवस्थामा भएको भए वीपीले गृहमन्त्रीको पदबाट राजीनामा गरेर नेहरूको प्रियपात्र भैसकेको मोहनशमशेरको सत्ता फाल्ने चाल चलेको उचित हुनसक्थ्यो । तर राष्ट्र नै निर्वल रहेको अवस्थामा र राष्ट्रिय स्वाधीनता नै खतरामा परिसकेको अवस्थामा धैर्यता राखेर संवेदनशीलता बुझ्नुको साटो गलत कदम वीपीले उठाएकाले राजसंस्थालाई समेत समस्यामा फसाइदिएका थिए । धन्न राजसंस्थाले राष्ट्रियतालाई सकुसल बचाउने काम गऱ्यो । त्यही राष्ट्रियतामा आज दलहरू बुर्कुसी मार खेल खेलिरहेका छन् ।

इतिहासमा राजसंस्थाले वीपीको दादागिरी स्वीकार्न गद्दीको बाजी लगाएको थिएनन् । जहाँसम्म प्रजातन्त्रको सवाल छ, सन्दर्भमा राजसंस्था अनभिज्ञ पनि थिएन । प्रजातन्त्रकै जग बसाल्न र जहाँनिया शासनको अन्त गर्नका लागि नै राजा त्रिभुवन र सहीदहरूवीच गोप्य सहमति भएको थियो । तर त्रिभुवनले भारतबाट फर्किने बेलामा नेहरूका प्रिय मोहनशमशेर र अर्कोतर्फ नेहरूका विपक्षी वीपीलाई प्रजातन्त्रको स्थापनाका लागि सन्तुलित राख्दै प्रजातन्त्रको घोषणा गरेका थिए । यो यथार्थलाई बाहुन नेताहरूले बुझेनन् र आजसम्म पनि काँचो राजनीति खेलिरहेका छन्, देश बर्बाद पारिरहेका छन् । राजसंस्थाको चाहना राष्ट्रिय स्वाधीनता अक्षुण्ण राख्न प्रजातन्त्र चाहिरहेको थियो भने लोभी स्वार्थीहरूले सत्ता हत्याउन राष्ट्रिय अस्मिता पराईलाई भेटी चढाएर राजनीति गर्न खोजे । यस्तै स्वार्थको अन्तरले गर्दा गणतन्त्र त आयो तर प्रजातन्त्र हरायो । देशको अस्तित्व नै खतरामा पुग्यो । अझै पनि नेताहरू नचेत्ने ?

# एकलजातीय संघीयताका कारण एमाओवादीको हार

*रोशनकृष्ण रन्जितकार*

अन्ततोगत्वा एमाओवादी शिखरबाट धरातलमा पछारियो । प्रचण्ड कित्ताले जतिसुकै चलखेल र षडयन्त्र भनेर ढ्वाङ् फुकेपनि जनमत, जनादेशलाई उसको आवाजले न छेक्न सक्छ, न दबाउन । जनादेशलाई सहर्ष स्वीकार गरेको भए प्रचण्ड राजनेताको कोटीमा पुग्नेथिए, फेरि पनि प्रचण्डले आफ्नो सानो सोच र आवेशयुक्त चरित्रका माध्यमबाट आफ्नो उचाई, आफ्नो लोकतन्त्रप्रतिको मान्यतालाई आफैले घटाए । प्रचण्ड राष्ट्रनेता भनेर निर्वाचनमा होमिएका थिए, जनताले त्यो सर्तलाई अस्वीकार गरेपछि प्रचण्ड हड्बडाए, उतर्सिए, सातो गएको झुसिलो डकार निकाल्न पो पुगे । कठै, हाम्रा त्यति ठूला नेताको यति सानो कद, उनी कसरी राष्ट्रनेता ?

निश्चय नै इतिहास बनाएर संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न भएको छ । संसारमा यसरी दुई दुईपल्ट संविधानसभाको निर्वाचन भएको इतिहास छैन । त्यो इतिहास नेपालबाट कायम भयो । असन्तुष्ट र बिथोल्ने ३३ दलको मात्र होइन, नेपाली जनताको आकांक्षामा खेलबाड गर्ने दल र नेताहरूलाई तिनको असली साइज देखाएर निर्वाचन सम्पन्न भयो । विश्वको सहयोग, जनताको सहभागितालाई कुनै पनि आतंक अथवा त्रासदीले छेक्न सकेन । ३३ दलको बिरोध र बिथोल समेत हावादारी सावित हुनपुग्यो ।

यो निर्वाचनमा ३३ दललाई बाहिर राखेर चुनाव सम्पन्न गराउन एमाओवादी, विदेशी दूतावासहरू, र तिनीहरूबाट सञ्चालित एनजीओहरूले ठूलै कसरत गरेका हुन् । नेपालमा सर्वसम्मति नगरी चुनाव गराउनै पर्छ भन्ने यिनै हुन् र ठूलो समूह चुनाव बाहिर बस्न बाध्य भयो । किन बिबादित चुनाव गराउन अन्तर्राष्ट्रिय शक्तिहरू लागिपरे ? कतै यिनलाई आतंककारी घोषणा गराएर निर्वाचन लाद्न खोजिएको त थिएन ? यदि त्यसो हो भने बिबादित चुनाव, परिणाम र तिनले लेख्ने भनिएको संविधान पनि सडकमा च्यातिने खालको हुने निश्चित छ । नेपाललाई सहमति चाहिएको छ, असहमतिको काँडेतार रोपिएको शिद्ध नहोस् । विदेशीहरू आफ्ना सहयोगबाट नेपाललाई शिर ठाडो पार्नै नसक्ने गरी भारी बोकाइरहेका छन्, भोलि भोलि नेपालले त्यो भारीको महँगो शूल्क तिर्नुपर्ने स्थिति नआओस् । त्यसैले निर्वाचन जितेर सरकार बनाउने र संविधान निर्माण गर्ने दायित्व पाएका नयाँ शक्तिले सहमति र सहकार्यको मार्गलाई नछोड्नु् । कुनै पनि राजनीतिक शक्तिले निषेधको सिकार हुन नपरोस् । सबैको सहभागिताको वातावरण निर्माण गर्न नयाँ सरकार र शक्ति पछि नपरून् भन्ने कामना गरौं ।

नेपाली गरिब छन्, तिनले तिरेको करको अपव्यय हो यो संविधानसभाको निर्वाचन भाग दुई भन्ने छाप परिसकेको छ । जनताले तिरेको कर, विदेशी अनुदान र ऋणसमेतको खर्चबाट हुने आजको चुनावले संविधान लेख्न सक्दैन, लेखे पनि बैधानिकता पाउँदैन, यो चुनाव गाईजात्रे चुनाव नै हो भन्ने विश्लेषकहरूको प्रतिक्रिया छ । यो प्रतिक्रियालाई असत्य सावित गर्न पनि कांग्रेस र एमालेले अहं भूमिका खेल्न जरूरी छ । संविधानविद र सुरक्षाविदहरूले उठाएका अहं प्रश्नहरू सावित हुनु भनेको देशको दुर्भाग्य हो । सबै यक्ष प्रश्नहरूलाई चुनावका लागि बजेटमा १६ अर्व र सरकारले थप्दै ४० अर्व निकासा गरिसकेको राष्ट्रिय बजेटको खर्चको औचित्य साबित गर्न सक्नुपर्छ ।

चुनावबाट विभिन्न राजनीतिक दलका २४० प्रतिनिधि चुनिएका छन् । समानुपातिकका ३३५ प्रतिनिधि पनि संविधानसभामा पुग्नेछन् । यसबाट बन्ने सरकारले २६ जना मनोनित गर्नुपर्ने छ । यसपटक ०६४ को निर्वाचनपछि देखिएको अनैतिकताको दृश्य देख्नु नपरोस् । यसरी ६ सय १ सभासद संविधानसभाका नाममा सत्ता, भत्ता र राजस्वको ब्रम्हलूट मच्चाए भन्नु नपरोस् । किनकि ०६४ सालको चुनावपछि यिनै लुटाहा हुन्, जसले चारवर्षसम्म देशलाई लुटे, संविधान दिएनन् । किन संविधान बन्न सकेन भनेर नैतिक दायित्वसमेत लिएनन् ।

निर्वाचनमा सर्वसम्मत वातावरण बनाउन सकेको भए, यो निर्वाचनले सुन्दर संविधान र उज्यालो भविष्य कोर्ने निश्चित हुन्थ्यो । हिजोका दिनमा एउटा नेपालीले अर्को नेपाललाई सहमत गराउने प्रयास नगर्नु र विदेशीको लहै लहैमा लागेर आरोप प्रत्यारोपमा उत्रनु वर्तमान दुर्दसा र भविष्यको अन्धकारको संकेत हो । यो निर्वाचनले बिबादलाई चिर्न र राजनीतिक अँध्यारो सुरूङको स्थितिमा उज्यालो दिन सक्नुपर्छ । जनादेशको सम्मान भनेको यही हुनेछ । जनताले हौसला गर्नसक्ने वातावरण त्यही हुनेछ । राजनीतिक नेतृत्वले दिने भरोस त्यही हुनेछ । यद्यपि चुनावमा बिजयी हुनेहरू असन्तुष्टहरूलाई सम्मान गर्ने र तिनको भावनाको राजनीतिक कदर गर्ने बताइरहेका छन् । त्यो कसरी सम्भव छ, कुनै नेता भन्न तैयार छैनन् । जित्ने पार्टीहरू सरकार निर्माण गर्ने अन्तिम कसरतमा लागेका छन् । तिनले सरकार निर्माणका साथै जनतालाई संविधान लेखिन्छ, बिधिको शासन सुरू भइसकेको छ भन्ने विश्वास दिलाइहाल्न अबेर गर्नुहुन्न ।

जनतामा नराम्रो छाप परेको छ कि निर्वाचन निर्वाचन भनेर दगुर्ने दलका नेता र तिनका कार्यकर्ताहरूको एकमात्र उद्देश्य ५ वर्षे जागीर हो, बसीबसी पाइने भत्ता, सत्ता र सुविधा, नेता र कार्यकर्ताहरूको लक्ष्यमा छ । बिगतमा संविधान लेख्ने र अग्रगमनमा जाने आवरणमा जागीरे प्रवृत्ति पन्पिनु भनेको राजनीतिले बाटो बिराएकै हो । त्यसैले कुनै नेताले राष्ट्रिय नेता बन्ने अवधारणा र उद्देश्य स्पष्ट पार्नै सकेनन् । पहिलो चारवर्ष जागीर खाएर मोटाएकाहरूले यो निर्वाचनबाट फेरि पनि सुतेर खाने हो भन्ने चरित्र प्रदर्शन नगरून् । निर्वाचनमा सहभागी एमाओवादीसमेत जनमतको कदर नगर्ने हदसम्मको आक्रोस देखाएर हामीलाई किन नजिताएको भन्ने खालको अभिव्यक्ति दिएकाले पनि संविधान निर्माणमा अवरोध खडा हुने देखिन्छ । निर्वाचनअघि हामीले जिते यस्तो संविधान बनाउने छौं भनेर कुनै नेताले जनतालाई भावी संविधानको खाका देखाउने कर्तव्य पूरा नगरेकाले पनि संविधान त बन्ला ? भन्ने आशंका छ ।

जसरी २०१५ सालको चुनावमा कांग्रेसले दुईतिहाईभन्दा बढी मत पाएका थिए, त्यो मतको कदर गर्न कांग्रेस सक्षम भएन । २०४७ पनि पनि जनताले कांग्रेसलाई नै बहुमत दिएका थिए, त्यसलाई पनि कांग्रेसले अपमान गरिदियो । त्यसपछिका चुनावमा जनताले मिलिजुली काम गर भनेर आदेश दिदै आएका छन् र आजको निर्वाचनमा पनि जनताले माओवादीलाई साइजमा ल्याएर कांग्रस र एमालेलाई नेतृत्वको शिरोभारो दिएका छन् । यसपटक जनताको मतको आदर गर्ने र त्यसलाई अन्जाममा पुऱ्याउने जिम्मेवारी कांग्रेस र एमालेको काँधमा आएको छ । लोकतन्त्रको बिडा उठाएको कांग्रेस र निरन्तर लोकतान्त्रिक अभ्यासको हद ननाघेको एमालेले जनजिम्मेवारी पूरा गर्लान् त ? तिनीहरू सफल होउन्, अग्रिम शुभकामना । तर, तिनले परम्परागत शक्तिहरूलाई निषेध नगरून् भन्ने आग्रह पनि गर्छौं । किनभने संविधानमा कुनै कित्ताको पनि अस्तित्व र अधिकार बन्चित नहोस् ।

# State-Febricated terrorism in India

It was fifth anniversary of Mumbai carnage on 26 November 2013 .The Indian former home ministry and ex-investigating officer Satish Verma disclosed that terror-attacks in Mumbai in November 26, 2008 and assault on the Indian Parliament in January 12, 2001 were carried out by the Indian government.

According to Indian media, the fake encounter case involving a senior officer under-Secretary of Interior Ministry Ishrat Jahan has submitted an affidavit in the court stating that a member of the Central Bureau of Investigation (CBI) probe team Verma told him that in the terrorists' attacks on Parliament in Delhi and Mumbai were pre-planned, and were set up "with the objective of strengthening the counter-terror legislation."

In fact, under the pretext of these self-arranged episodes, New Delhi not only suspended the process of dialogue with Islamabad, but also Confidential Building Measures (CBMs), bringing both the nuclear countries to the brink of war.

Meanwhile, Indian Prime Minister Manmohan Singh, while repeating old baseless allegations against Islamabad had stated that Pakistan has "epicenter of terrorism," and Islamabad should "end infrastructure of terrorism."

Indian top officials and media left no stone unturned in tarnishing the image of Pakistan, concocted stories regarding Mumbai carnage and Parliament attack, linking it with the banned organisations.As regards the Mumbai mayhem, while fully cooperating with New Delhi, Pakistan had took action against the banned outs, by lodging FIR against some suspected persons, and also detained many individuals for investigation. But Lahore High Court had released Hafiz Saeed on bail, saying that there was no evidence against him about the Mumbai catastrophe.

However, India failed in supplying solid proof to Pakistan in relation to Mumbai tragedy except providing a self-fabricated story which was quite fake—full of loopholes, created by RAW, while death of Indian Anti-terrorist Squad chief Hemant Karkare was also pre-planned.

The real story of the Mumbai carnage proved last year, when a day after the Indian media exposed the name of the terrorist, Wazhul Qamar Khan whose name was included in the list of 50 alleged terrorists given to Islamabad in March, 2011. In this regard, Indian Home Minister P. Chidambaram admitted that what the media described an embarrassing lapse—for preparing the list was true. While, Pakistan's law-enforcing agencies were desperately looking for Wazhul Khan. But Wazhur Qamar "is living in the suburbs of Mumbai with his family" and "is regularly reporting to a court that gave him bail" as reported by The Times of India. Besides, reports suggest that another most-wanted culprit, Feroz Abdul Khan who was supposed to be hiding in Pakistan has also been found out in India.

In the recent past, India has executed Ajmal Kasab, the lone survivor of the Mumbai attacks and Afzal Guru, In fact, RAW had taken forced statements from them that they had links with and LeT.

India and Pakistan had resumed the new phase of talks in March, 2009. Every time, prime ministers and foreign ministers of Pakistan and India ended their meetings with issuance of positive notes, vowing for the settlement of real issues, but the same failed without producing tangible results due to Indian hidden diplomacy. In this respect, New Delhi has always blackmailed Islamabad to take action against the culprits of Mumbai carnage.

Notably, on November 10, 2011, the then Prime Minister Gilani and Prime Minister Manmohan Singh met on the sidelines of the SAARC summit in Maldives. Both the rulers agreed to improve their bilateral relations especially in trade, and also stated that all the issues were discussed. Quite contrarily, two days after that meeting, Manmohan Singh stated, "I left Gilani in no doubt that if public opinion in India is not satisfied that justice is being done to those responsible to the barbarous attack of Mumbai, it would not be possible to move forward with the peace process."

Similarly in 2012, Pakistan's President Zardari and P.M Singh met on the sidelines of the NAM Summit in Tehran during which Singh repeatedly said that expeditious conclusion of the Mumbai terror attack trial in Pakistan would be a major measure in bilateral relations. Besides, he failed to give any definite date for his promised visit to Pakistan.

Prime Minister Manmohan Singh and his Pakistani counterpart Nawaz Sharif met on the sidelines of UN General Assembly and discussed ways to normalize bilateral ties.. In few words, the meeting can be described as an exercise in futility, as nothing concrete came out of it; there was neither joint press conference nor a joint statement, because there was nothing to write home about. The only redeeming feature was that they met despite the fact that Manmohan Singh was under pressure from opposition BJP to call off the meeting in the wake of attacks. After the meeting, India's National Security Advisor Shiv Shankar Menon said that there was common understanding to address the issues vis-à-vis to bring normality at LoC, and to curb terrorism, which will help move forward to improve relations between the two countries. He said Nawaz Sharif did raise the issues of Kashmir, Sir Creek and Siachen as well as India's involvement in Balochistanes:.

Especially, with the support of RAW and US, in November 2010, the six legal heirs of the Mumbai catastrophe filed a civil law suit in a district court in New York about alleged support of Pakistan,s security institutions and also asked Pakistan to dismantle LeT. Besides, by following self-devised scheme, FBI arrested a US citizen, American-born Pakistani, David Headley from Chicago. Under torture by FBI, he maligned and confessed his involvement in 26/11 attacks. But David Headley changed his testimony, absolving the Pakistani institution,s leadership from planning the Mumbai tragedy. However, India was badly disappointed when a New York federal court dismissed the case, saying that under the US foreign law, Pakistan's "enjoy immunity"

Particularly, in January 2013, Indian Home Minister Sushil Kumar Shinde disclosed that organised training camps run by the fundamentalist parties, RSS and BJP were promoting Hindu Terrorism, and were behind the Samjhauta Express, Meccca Masjid, Ajmer Sharif and Malegaon blasts. He added that these parties were involved many times in Hindu Muslim violence in India, especially Gujarat and Babri Masjid incident.

While taking positive steps, Islamabad already signed a number of trade agreements with New Delhi, which allowed India exports of multiple items across the Wagah border. It also granted India Most Favoured Nation status, which permits trade in almost everything. On the other hand, New Delhi has allowed investments by Pakistanis in India. Owing to Indian delaying tactics, Pak-Indian real issues, especially Kashmir dispute have still remained unsettled because New Delhi is determined to keep its illegitimate control on Kashmir.

Nonetheless, Satish Verma's disclosure about Mumbai and Parliament attacks including admission of other officials regarding various subversive acts have clearly proved state-sponsored terrorism in India.

*-Sajad*

# Efforts to eliminate extremism and terrorism from Pakistan

UNITED NATIONS – Prime Minister Nawaz Sharif made a clarion call at the United Nations General Assembly for end to the American drone strikes in Pakistani tribal areas, saying they were in violation of international law and detrimental to "our resolve and efforts to eliminate extremism and terrorism from Pakistan".

In a wide-ranging address, noted for its depth and sweep, he said Pakistan condemned terrorism 'in all its forms and manifestations' but the use of drone strikes could never be accepted as it was 'a continued violation of our territorial integrity'. Pakistan also raised the drone issue at the UN Security Council on Thursday.

Reaffirming his commitment to regional peace, Premier Sharif also called on the United Nations to ensure full realisation of the right of the people of Jammu and Kashmir to self-determination. "The suffering of the people cannot be brushed under the carpet, because of power politics," he said in a sharp reference to the decades-old Kashmir dispute.

"As in the past, Pakistan calls upon the international community to give an opportunity to the Kashmiris to decide their future peacefully, in accordance with the UN resolutions. The issue of Kashmir was presented to the Security Council in January 1948; and yet the issue remains unresolved after nearly seven decades".

On terrorism, he said Pakistan has suffered grievously at the hands of this scourge and is firmly opposed to all kinds of terror and it would also explore dialogue to end militancy at home. But, he underlined that the dialogue should not be seen as a tool of appeasement. Nawaz Sharif also reaffirmed Pakistan's commitment to a stable Afghanistan.

About drones, he said, "The war against terrorism must be waged within the framework of international law. The use of armed drones in the border areas of Pakistan is a continued violation of our territorial integrity. It results in casualties of innocent civilians and is detrimental to our resolve and efforts to eliminate extremism and terrorism from Pakistan. I have urged the United States to cease these strikes, so that we could avert further casualties and suffering."

He said, "I have an aspiration for regional peace and stability. I have shared this vision with leaders in our neighbourhood. Shortly after assuming office, I received a message of goodwill from the Prime Minister of India, Dr Manmohan Singh. I extended an invitation to him to engage with us to address all outstanding issues between our two countries. Prime Minister Singh's response was positive.

Nawaz noted that Pakistan and India have "wasted massive resources in an arms race. We could have used those resources for the economic well-being of our people. We still have that opportunity. Pakistan and India can prosper together; and the entire region would benefit from our cooperation... We stand ready to re-engage with India in a substantive and purposeful dialogue."

Prime Minister Sharif said he is looking forward to meeting Prime Minister Manmohan Singh here in New York "to make a new beginning. "We have a solid basis to do that. We can build on the Lahore Accord signed in 1999, which contained a road map for the resolution of our differences through peaceful negotiations. I am committed to working for a peaceful and economically prosperous region. This is what our people want and this is what I have long aspired for."

About Afghanistan, Nawaz told world leaders that he welcomed President Karzai in Islamabad last month and "we reaffirmed our shared goal of a peaceful, stable and united Afghanistan". "I reassured him that we do not wish to interfere in Afghanistan's internal affairs; nor do we have any favourites in that country." Pakistan encourages United Nations' efforts for the stabilisation of Afghanistan and "a manifestation of our solidarity with the Afghan people has been our willingness to host millions of Afghan refugees for many decades... We will work together for regional and economic cooperation".

The Premier told the 193-member forum that Pakistan is a responsible nuclear power and qualifies for access to civilian nuclear technology to meet its growing energy needs. "We will continue to pursue the goals of disarmament and non-proliferation and adhere to Credible Minimum Deterrence policy without entering into an arms race. He said, as a mainstream partner in the global non-proliferation regime, Pakistan has impeccable credentials to join the multilateral export control regime, including the Nuclear Suppliers Group.

Talking about world peace, the PM said Islam is a religion of peace, compassion and brotherhood. " Stereotyping of Muslims as extremists and terrorists must stop. Terrorism negates Islam's humanistic outlook and noble values. Those who perpetrate terrorism are enemies of Muslims and Islam itself." The PM also reiterated Pakistan's support for the Palestinian people and for a recent agreement for Syrian chemical weapons under international control.

# निजामती सेवामा तालिमको महत्व

**महेश दाहाल**

तालिम सिकाइको प्रक्रिया हो । तालिम मानिसको ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने माध्यम हो । मानिसमा अन्तरनिहित ज्ञान र सीप अभिवृद्धि गर्ने आचरण र मनोभावनामा सकारात्मक परिवर्तन ल्याउने काम तालिमले गर्छ । सकारात्मक सोच वृद्धि गर्ने, कार्य कुशलता, मित्रताको भावना बढाउने, वृत्ति विकासको अवसरमा तालिमले सहजता प्रदान गर्छ । यसले मानिसको धारणामा परिवर्तन ल्याउँछ । तालिमले नयाँ प्रविधिको प्रयोग र नयाँ आविष्कारबारे ज्ञान हासिल गराउन मद्दत गर्छ ।

जनताको सेवक भनेर चिनिने निजामहँ□ती प्रशासनभित्रका कर्मचारीलाई धेरथोर तालिम दिने गरेको पाइन्छ । तालिम अनिवार्य भएको अनुभव गर्न थालिएको छ । राणाशासनभन्दा अगाडि कुनै तालिम दिने व्यवस्था थिएन, चारपासे र एघारपासे भनेर योग्यता निर्धारण गरी सरकारी जागिर दिने व्यवस्था थियो । राणा, मुखियाको आदेशमा कर्मचारी छनोट हुन्थ्यो । सरकारी सेवाभित्रका कुरा सर्वसाधारणलाई थाहै हुँदैनथ्यो । जनताका गुनासा सुनुवाइ हुँदैनथे । प्रजातन्त्र स्थापनापश्चात शासन व्यावस्थामा आएको परिवर्तनसँगै निजामती प्रशासनमा व्यापक परिवर्तन आएको पाइन्छ । प्रजातन्त्र स्थापनापछि कर्मचारीलाई तालिमको आवश्यकता महसुस भएको पाइन्छ । २००९ मा प्रशासन सुधार आयोग गठन भइदिएको सुझावमा तालिमलाई मह□वपूर्ण अवयवका रूपमा पहिचान गरेको पाइन्छ । ०१३ मा गठित प्रशासनिक पुनर्गठन योजना आयोगले दिएको सुझावबमोजिम पहिलोपटक नेपालमा कर्मचारीलाई तालिम दिने संस्थाका रूपमा नेपाल प्रशासनिक प्रतिष्ठान गठन भयो । हालसम्म ०३९ मा स्थापना भएदेखि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले निजामती सेवाका कर्मचारीलाई तालिम सञ्चालन गर्दै आएको छ ।

निजामती कर्मचारीलाई तालिमका लागि हाल तालिमसम्बन्धी नीति आवश्यकता महसुस भई राष्ट्रिय तालिम नीति ०५८ अस्तित्वमा छ । यो नीति समसामयिक र वस्तुनिष्ठ भए पनि समयको अन्तरालसँगै परिवर्तनको खाँचो औंल्याइएको छ । कर्मचारीको पेसागत विशिष्टता र प्रतिस्पर्धात्मक क्षमता विकासका साथ उपयुक्त प्रविधिको संयोजन गराई मनोवृत्तिमा सकारात्मक परिवर्तन गरेर निजामती सेवालाई सुदृढ र गतिशील गराई नतिजामुखी बनाउने यस नीतिको प्रमुख उद्देश्य रहेको छ । यसको समसामयिक सुधारका लागि सामान्य प्रशासन मन्त्रालयमा नयाँ नीति तर्जुमा भइरहेको छ । सरकारले कर्मचारीको तालिमका लागि कुल तलबको ५५ प्रतिशत खर्च गर्ने नीति लिएको भए पनि प्रभावकारी कार्यान्वयन भएको पाइँदैन । तालिमका लागि विभिन्न संस्था सक्रिय छन् । केहीमध्ये नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, कर्मचारी प्रशिक्षण प्रतिष्ठान, राजस्व प्रशासन तालिम केन्द्र, न्याय सेवाका लागि न्याय प्रशासन तालिम केन्द्र आदि छन् । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले राप तृतीय श्रेणीका प्रशासन सेवाका कर्मचारीको २८औँ ब्याजलाई हाल तालिम सञ्चालन गरिरहेको छ । नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले यसपालिदेखि आधारभूत प्रशासनिक तालिम प्रशासन, लेखा, राजस्व, परराष्ट्र, संसद्, महालेखा परीक्षक सेवा समूहको नयाँ शाखा अधिकृतका लागि पहिलोचोटि आवासीय रूपमा सञ्चालन गरिरहेको छ । सरकारको नीतिअनुरूप ३ महिनाबाट सेवा अवधि बढाएर ६ महिनाको बनाई तालिम सञ्चालन गरिरहेको छ भने राप अनं र श्रेणीविहीन कर्मचारीका लागि कर्मचारी प्रशिक्षण केन्द्रले वार्षिक तालिकाबमोजिम तालिम सञ्चालन गरिरहेको छ । विभिन्न आवधिक योजना र वार्षिक बजेटमा सबै कर्मचारीलाई तालिम दिने नीति सरकारको रहेको छ ।

तालिमले मानिसको मनोवैज्ञानिक भावनामा निखार ल्याउँछ, उचित कार्य वातावरण विकास गर्छ, छिटोछरितो कार्य सम्पन्न गराउँछ र संगठनको ख्याति अभिवृद्धि गर्छ । सुशासनको नारालाई सफल बनाउने अत्यावश्यक विषय तालिम हो । जसरी सिसाकलमले लेख्दै जाँदा बोधो भएपछि तिखारिन्छ, ठीक त्यसैगरी तालिमबाट पनि कर्मचारीलाई तिखार्ने काम हुन्छ । तालिमले कर्मचारी पुस्ताबीचको खाडल पुर्न मद्दत गर्छ ।

सामन्यतः तालिममा 'लेक्चरिङ', अवलोकनात्मक र प्रयोगात्मक सिकाइ पद्धति प्रयोग गरिन्छ । निजामती सेवाको क्षेत्रमा दिइने अधिकांश तालिमका विधि 'लेक्चरिङ' नै हुने गरेको छ । यस्तो विधिले कर्मचारीमा सैद्धान्तिक कुरा मात्र सिकाइमा जोड दिन्छ, व्यावहारिक कुरा कम प्रभावकारी हुन्छ । यस्तो विधि बढी प्रयोग भएमा तालिममा सहभागी हुने, साथीसाथीबीच चिनजान हुने, बढुवा प्रयोजनका लागि पाउने अंक सुरक्षित बनाउने, समय काट्ने, उपत्यकाबाहिरबाट आएका कर्मचारीलाई बस्न सजिलो हुनेबाहेक यस्ता तालिमले कार्यसम्पादनमा खासै प्रभाव पार्दैन । तालिमको प्रयोगात्मक, अवलोकनात्मक र सैद्धान्तिक कुराको तालमेल मिलाएर सिकाइ प्रक्रिया अपनाइयो भने पक्कै सकारात्मक उपलब्धि हासिल हुन्छ ।

तालिम सञ्चालन गर्नु जटिल काम हो । जसमा एउटा मह□वपूर्ण चक्र पूरा गर्नुपर्छ । तालिमको आवश्यकता पहिचान गर्नु प्रमुख कुरा हो । कस्तो व्यक्तिलाई कस्तो तालिम दिनुपर्छ, कस्तो तालिम आवश्यक छ, कस्तो कर्मचारीलाई कस्तो प्रकृतिको तालिम दिँदा कार्य प्रकृतिमा सकारात्मक प्रभाव पर्छ आदि कुराको पहिचान गरिनु अत्यावश्यक विषय हो । तालिम सञ्चालनमा आवश्यक पर्ने स्रोत साधन पर्याप्त हुनुपर्छ, जस्तो आर्थिक सबलता, तालिमका लागि आवश्यक पर्ने सामग्री, तालिम दिने स्थानको छनोट, अनुभवयोग्य र दक्ष प्रशिक्षक आदि । नेपालमा निजामती सेवाभित्र वैदेशिक तालिम दिनका लागि पनि व्यवस्था भएको पाइन्छ, तर अधिकांश चाकडी, चाप्लुसी भनसुन तथा आवश्यकता नभए पनि कर्मचारी छनोट गरी पठाउने प्रवृत्ति हाबी रहेको छ । कर्मचारीलाई नयाँनयाँ प्रविधिसँग परिचित गराउन, काममा उत्साहित गराउन, जनतासँग घुलमिल गर्न तथा सकारात्मक सम्बन्धको विकासका लागि पनि स्वदेशी तथा विदेशी तालिममा सहभागी गराउनु अत्यावश्यक छ । अधिकांश कर्मचारीमध्ये उपत्यकाभित्रकाले मात्रै तालिममा सहभागी हुन पाउने अवस्था रहेको कर्मचारीमा गुनासो छ । उपत्यकाभित्र बस्नेलाई जहिले पनि सहज हुने, दुर्गम जिल्लाका साथै पहाडी र उपत्यकाबाहिर बस्ने कर्मचारीले कम मात्र सहभागिता पाउने अवस्था रहेको गुनासो बारम्बार उठ्ने गरेको पाइन्छ । अधिकांश तालिमको प्रकृति झारा टार्ने खालको अनुभव गरिएको विभिन्न तालिममा सहभागीको अनुभव छ ।

तालिम अनिवार्य विषय हो । जसले कर्मचारी र जनसमुदायबीच भावनात्मक र कार्यात्मक सम्बन्धको विकास हुन्छ । सेवा सुविधा डेलिभरी गर्न सहज हुन्छ । तालिमले गर्दा कर्मचारीको साख अभिवृद्धिमा सकारात्मक प्रभाव पार्छ । कर्मचारीको काम गर्ने तरिका, जनतासँग बोल्ने, व्यवहार गर्ने, प्रविधिसम्बन्धी ज्ञान, नयाँ प्रविधिसँग खेल्न पाउने अवसर, कार्य वातावरण स्वच्छ राख्न प्रेरित गर्ने, मनोबल बढाउने, मनोभावनामा सकारात्मक परिवर्तन ल्याउने कुराको विकास तालिमले प्रदान गर्छ । यस्ता कुराको अभिवृद्धिका लागि तालिममा सैद्धान्तिक कुराको साथसाथै प्रयोगात्मक र अवलोकनात्मक विधिको संयोजन गर्नसके पक्कै पनि तालिमको उपादेयता हासिल हुन सक्छ । स्वच्छ, चुस्त, पारदर्शी निजामती सेवाको विकास हुन्छ, निजामती सेवाको नारा 'सुशासन र सदाचार निजामती अधिकार'को सान्दर्भिकता हासिल हुन्छ । मुस्कानसहितको नागरिक सेवाको औचित्यता पुष्टि गर्छ । तालिम केन्द्रको वार्षिक कार्य विवरणमा मात्र उपलब्धि नभएर ख्यातिमा समेत अभिवृद्धि हुन्छ । कर्मचारी, संगठन र जनताबीच सकारात्मक सम्बन्धको विकास हुन्छ ।

# आन्दोलनमा महिला अघि अघि, नेतृत्वमा पछि पछि

*क्रान्ति चुँदाली*

कमला नहर्की प्रविणता प्रमाणपत्र तह पढ्दै थिइन् । देशमा नेकपा (माओवादी) ले २०५२ सालमा संचालन गरेको 'जनयुद्ध' को प्रभाव बढ्दै थियो । गोर्खामा जन्मिएकी कमला पनि युद्धमा जाने सोच बनाइन । पढाइ विचमै छाडी २०५५ सालमा उनी माओवादीमा लागिन् । हतियार बोकेपछि उनी कमलाबाट कमरेड सपना भइन् । गाँउ कमिटिबाट नेतृत्व सम्हालेकी उनी संगठन विस्तारकै क्रममा पक्राउ परेर गोर्खा जेलमा परिन । २०५७ चैत १७ मा गोर्खा जेल ब्रेक गरेर चर्चा कमाइन् । यि सवै उतारचढावमा उनलाई कहिल्यै पनि महिला भनेर तैले यो काम नगर र सक्दिनस् कसैले भनेनन् ।

तर माओवादीले हतियार बिसाएपछि कुरा वेग्लै भयो । उनी रूपन्देही सैनामैनामा रहेको माओवादी लडाकु चौथो डिभिजनको शिविरमा सहायक कमाण्डर भइन् । मूलुकमा राजनीतिक परिवर्तन भएपछि माओवादी लडाकु नेपाली सेनामा समायोजन भयो । उनले स्वेच्छिक अवकाश लिइन । जनयुद्धमा लाग्दा रोकिएको पढाइलाई निरन्तरता दिइन । प्रवीणता प्रमाणपत्र तह पास गरिन्, तर उनका सपना पूरा भएनन् । 'जनयुद्धमा लाग्दा धेरै सपना बोकेर, जनताका अधिकार स्थापित गर्ने भनेर एउटा जोश थियो' उनले भनिन । युद्धकालका सपना पुरा नभएको उनलाई लाग्छ ।

एनेकपा माओवादीको तमुवान राज्यसमिति सदस्यको जिम्मेवारी निर्वाह गरेकी उनी पार्टीले दिएको जिम्मेवारीबाट पूर्ण सन्तुष्ट छैनन् । उनलाई लाग्छ 'कुनैदिन पार्टीले हामीजस्ता जनयुद्ध लडेका सबैको मूल्याँकन गर्नेछ ।' उनी पार्टीले कहिले मूल्याँकन गर्ला भन्ने पर्खाइमा छिन् ।

युद्धमा आफुभन्दा तल्लो तहमा काम गर्ने पुरूषहरू राजनैतिकरूपमा माथिल्लो तहमा पुगेकोमा उनलाई त्यति चित्त बुझेको छैन । जनयुद्धमा महिलाले निकै मेहनत गरे । आफ्नो जिम्मेवारी निर्वाह गर्न कति पनि चुकेनन तर शान्ति प्रक्रियापछि महिला पछि परेको उनको अनुभव छ । 'जनयुद्धमा महिलाले इमान्दारीपूर्वक भूमिका निभाएका थिए तर अहिले संख्यात्मक रूपमा नेतृत्व तहमा महिला कम छन्', उनले भनिन । माओवादी जनयुद्धमा ४० प्रतिशत लडाकू महिला थिए । त्यतिमात्रै होइन, सशस्त्र युद्धका बेला ज्यान गुमाएका करीब १४ हजार नेपालीमध्ये माओवादी सेना वा उसका पक्षधरहरूको संख्या झन्डै १० हजार थियो । जसमध्ये २५ प्रतिशत अर्थात् २ हजार ५ सय महिलाले ज्यान दिए । तर जनयुद्ध सकिएर शान्ति प्रक्रिया आएपछि नेतृत्व तहमा महिलाको संख्या निकै कम छ । एमाओवादीमा १ सय ४ जनाको स्थायी केन्द्रिय समितिमा ९ जना मात्र महिला छन्, पदाधिकारी एक जना पनि छैनन् । केन्द्रिय स्तरमामात्र होइन स्थानिय स्तरमा पनि महिला सहभागीता कम देखिन्छ । एनेकपा माओवादी, मधेश राज्य समितिमा पनि महिला सहभागीता जम्मा १५ प्रतिशत मात्र छ । ७५ जिल्लामध्ये खोटाङ, नुवाकोट र मनाङमा मात्रै महिलाले जिल्ला संयोजकको रूपमा नेतृत्व सम्हालेका छन् । एमाओवादी मात्रै हैन पटक-पटक सरकारको नेतृत्व सम्हालेका मूख्य दलहरूमा समेत महिलाको प्रतिनिधित्व कमजोर छ । नेपाली कांग्रेस केन्द्रिय समितिमा २१ प्रतिशत मात्र महिला छन् । सिराहामाबाहेक अरू जिल्लामा पुरूषले नेतृत्व गरेका छन् । एमालेको केन्द्रिय समितिमा १८ प्रतिशत महिला छन् । जिल्लामध्ये स्याङ्जामामात्र जिल्ला अध्यक्ष महिलाले सम्हालेकी छन् ।

नेकपा-माओवादीमा पनि महिला सहभागिता कम हुँदै गएको छ । माओवादीमा अरू दलहरूको तुलनामा राज्य संयोजकको नेतृत्व सम्हालेका महिला बढी छन् । तर त्यसमा पार्टीमा नेतृत्व गरेरै बसेका महिला नेतृहरू पनि सन्तुष्ट छैनन् । पार्टीमा प्रतिनिधित्वमात्रै हैन, संविधान सभाजस्तो महत्वपूर्ण निर्वाचनमा समेत महिलाको सहभागिता कमजोर देखिँदा महिला अधिकारकर्मी चिन्तित छन् । गत संविधानसभाको निर्वाचनमा महिलाको सहभागितमा क्रमशः प्रत्यक्ष निर्वाचन प्रणालीको २ सय ४० सिटमध्ये २९ सिट, समानुपातिक प्रणालीको ३ सय ३५ सिटमध्ये १ सय ६२ र मन्त्रीपरिषद्बाट मनोनित २६ सिटमध्ये छ जना गरी १ सय ९७ महिला निर्णायक तहमा पुगेका थिए । तत्कालिन समयमा सबै राजनीतिक दलले ३३ प्रतिशत महिला राजनीतिक मूलधारमा पुर्याएको दाबी गरे पनि नेतृत्व र निर्णायक तहमा भने महिलाको उपस्थिति शुन्य बराबर थियो

यस्तो किन भइरहेको छ ? एमाओवादीमा केन्द्रीय सदस्यको जिम्मेवारी सम्हालेकी शुसीला श्रीपालीले भनिन 'पार्टीले जनयुद्धको उभार कायम गर्न नसक्दा धेरै महिला निस्क्रिय बसेका छन, यसले समान हैसियतमा पुग्न अवरोध गरिरहेको छ ।' पार्टीले महिला नेतृत्वको संरक्षण र र व्यवस्थापन गर्न नसक्दा धेरै महिलाहरू घर फर्केर गएको उनको बुझाइ छ । उनी भन्छिन् 'पार्टीको नीति राम्रो छ तर कार्यान्वयनको पाटोलाई ध्यान दिन नसक्दा महिला नेतृत्वमा पुग्न सकेनन् ।' सिङ्गो लुम्बिनी अञ्चलबाट एमाओवादीमा एकमात्र महिला केन्द्रिय सदस्य श्रीपाली महिला नेतृत्वको विकास र संरक्षण पार्टीले गर्नुपर्ने बताउँछिन् ।

नेकपा एमाले स्थायी समिति सदस्य राधा ज्ञवालीका अनुसार लामो समयदेखिको पितृसत्तात्मक संरचनाको कारण नै महिलाहरूले राजनीतिमा उचित स्थान पाउन सकेका छैनन् । २०४६ सालको जनआन्दोलनपछि क्रमशः नेतृत्वमा बढोत्तरी भएको बताउने उनलाई लाग्छ, २०६२/०६३ को जएँनआन्दोलन पछि महिला सहभागीता बढेको छ । राज्यले लिएका निर्देशक सिद्धान्तको प्रस्तावनामा नै राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला हुनुपर्ने प्रावधान भए पनि सामाजिक, राजनीतिक नेतृत्वमा रहेको पितृसत्तात्मक चिन्तन र व्यवहारका कारण कार्यान्वयन हुन सकेको छैन ।

महिला सहभागिता अन्य पार्टीमा भन्दा धेरै भए पनि नेतृत्व तह भने पुरूषकै नियन्त्रणमा रहेको बताउँछिन् कांग्रेस केन्द्रिय सदस्य तथा संविधान तथा कानुन विभाग प्रमुख पुष्पा भुषाल । भन्छिन, 'निर्णयमा पुरूष हाबी छन्, राष्टिय अर्न्तराष्टिय राजनीतिक मुद्धामा महिला सहभागी नै हुन पाउदैनन ।' महिला नेतृत्व स्थापित गर्न आफुहरू लागिपरे पनि केन्द्रिय समिति पुरातन तथा रूढिवादी अभ्यासबाट मुक्ति पाउन नसकेकोले महिला पछि परेको भुषालको अनुभव छ । प्रतिस्पर्धाबाट गए पनि पुरूष नेतृत्वले महिलालाई नेतृत्व दिन कन्जुसाइ तथा अविश्वास गर्ने गरेको महिला नेतृको गुनासो छ । संविधानसभाको चुनावमा पनि बलियो तथा पकड भएको स्थानमा पुरूषलाई र कमजोर स्थानमा महिलालाई उठाउँने प्रवृत्ति पनि पार्टीमा रहेको छ । भुषाल भन्छिन् 'उम्मेदवारी सिफारीस गर्ने २ सय ४० जनाको क्षेत्रीय कार्यसमितिको मुख्य पदमा महिला नहुँदा पनि पुरूष साथीहरू पकड भएको स्थानमा महिलालाई सिफारीश गर्न मान्दैनन् ।'

नेकपा-माओवादीमा सेक्रेटरीको जिम्मेवारी सम्हाल्दै आएकी चर्चित गोर्खा जेल ब्रेकर उमा भुजेल सिलुले पार्टीमा अहिले महिला सहभागिता वृद्धि गर्ने क्रममा रहेको बताइन् । उनले महिला नेतृ उत्पादन हुने क्रम वृद्धि भइरहेको भन्दै त्यसलाई पार्टीले सही समयमा सही निर्णय गरेर स्थायित्व दिनुपर्ने सुझाव दिइन ।

(सञ्चारिका लेखमाला)

# निजी प्रकाशन गृह पाठ्यपुस्तक छाप्न सूचीकृत भएनन्

काठमाडौं । शिक्षा मन्त्रालयले विद्यालय तहको कक्षा १–३ सम्मको पाठ्यपुस्तक छाप्न निजी प्रकाशन गृहलाई दिने निर्णय गरे पनि कुनै पनि प्रकाशन गृह सूचीकृत भएनन् । मन्त्रालयले १–३ कक्षासम्मको पाठ्यपुस्तक निजी क्षेत्रलाई देशैभर प्रकाशन र वितरण गर्न दिने निर्णयविरूद्ध लागेका व्यवसायीले छुट्याइएको क्षेत्र चित्त नबुझेको भन्दै पाठ्यपुस्तक प्रकाशन गर्न सूचीकृत नभएका हुन् ।

पाठ्यक्रम विकास केन्द्रका प्रवक्ता गणेश भट्टराईका अनुसार बुधबारसम्मलाई सूचीकृत हुन निजी प्रकाशन गृहलाई समय दिइए पनि कुनै पनि सूचीकृत भएका छैनन् । नेपालगन्जको एउटा निजी प्रकाशन गृहले दर्ता गराए पनि सो संस्थाले समेत सूचीकृत फिर्ता गरेको छ । 'छुट्याइएको क्षेत्र चित्त बुझेन भन्दै सूचीकृत भएनन्,' प्रवक्ता भट्टराईले भने, 'नेपाल मुद्रण उद्योग महासंघ ज्ञापनपत्र लिएर आएको थियो, हामीले मन्त्रालयमा पठायौँ ।'

छुट्याइएको क्षेत्रमा चित्त नबुझेको भन्दै सूचीकृत नभएको बताए पनि निजी प्रकाशन गृहले सजिलो र नाफा हुने ठाउँमा मात्र प्रकाशन र वितरण गर्न चाहेकाले पुस्तक छाप्ने समयमा 'बार्गेनिङ' गरिरहेको स्रोतको भनाइ छ । अभिभावक संघका अध्यक्ष सुप्रभात भण्डारीले निजी सूचीकृत नहुँदा विद्यार्थीलाई समयमै पाठ्यपुस्तक पुऱ्याउन समस्या हुने बताए । अध्यक्ष भण्डारीले भने, 'पुस्तक छाप्ने वेलामा समस्या देखिनुमा ठूलै चलखेल हुनसक्छ ।' निजीले नछाप्ने हो भने जनक शिक्षालाई सबल बनाउँदै लैजानुपर्ने उनको भनाइ छ ।

निजी प्रकाशन गृहले सूचीकृत नहुने भन्दै शिक्षा मन्त्रालयलाई निर्णयमा पुनर्विचार गर्न ज्ञापनपत्रसमेत बुझाएका थिए । विगतमा निजी क्षेत्रले पूर्वाञ्चल र पश्चिमाञ्चलमा छपाइ तथा वितरणको अनुमति पाएको थियो । केहीदिनअघि शिक्षा मन्त्रालयले कक्षा १–३ सम्म निजी क्षेत्र र ४–१० सम्म जनक शिक्षालाई ७५ वटै जिल्लामा छाप्न दिने निर्णय गरेको थियो । मन्त्रालयको यस्तो निर्णयपछि निजी क्षेत्र ताप्लेजुङदेखि कर्णालीलगायतका दुर्गम क्षेत्रमा समेत जानुपर्ने बाध्यता भएपछि नाफा नहुने र असजिलो हुने भएकाले अत्तालिएर ज्ञापनपत्र बुझाएको मन्त्रालयका एक कर्मचारीले बताए ।

समयमै विद्यार्थीको हातमा पाठ्यपुस्तक पुग्ने, अनुगमन सजिलो हुनेलगायतका कारणले मन्त्रालयले तहगत रूपमा कार्यविभाजन गरेको थियो । तर, नेपाल मुद्रण उद्योग महासंघले सूचीकृत नहुने चेतावनीसहित निर्णयमा पुनर्विचार गर्न शिक्षा मन्त्रालयलाई ज्ञापन दिएको थियो । मन्त्रालयका कर्मचारीले भने, 'यो वर्ष एकदेखि तीन कक्षासम्मको पाठ्यपुस्तक समयमै विद्यार्थीको हातमा पुऱ्याउन सकेको भए अर्को वर्ष पाँच कक्षासम्म जिम्मेवारी पाउने थिए, असजिलो ठाउँमा पनि जानुपर्ने भएपछि निहुँ खोजिरहेका छन् ।'

विद्यार्थीलाई पाठ्यपुस्तक पुऱ्याउने विषयमा निजी क्षेत्र गैरजिम्मेवार रूपमा प्रस्तुत भए पनि दातृ निकायको दबाबमा निजी क्षेत्रलाई पुस्तक छाप्नदिने जिम्मेवारीलाई फराकिलो बनाउँदै लगेको मन्त्रालय स्रोतको दाबी छ । जनक शिक्षाले समयमै कागज किन्ने व्यवस्था गर्ने हो भने निजीको धम्की सुन्नुपर्दैन र विद्यार्थीले गुणस्तरीय पुस्तक पाउँछन् । विगतमा निजी क्षेत्रले कमिसन धेरै दिएर कम गुणस्तरका पुस्तक बिक्री गर्दै आएको आरोप लाग्ने गरेको छ ।

यसअघि निजी प्रकाशन गृहलाई दुईवटा विकास क्षेत्रमा मात्र पुस्तक छपाइको जिम्मेवारी दिइएको थियो । केहीदिनअघि भएको शिक्षामन्त्रीस्तरीय निर्णयबाट निजी क्षेत्र देशैभर जान सक्ने भएको छ । यसअघि पूर्वाञ्चल र पश्चिमाञ्चल विकास क्षेत्रमा मात्र निजी क्षेत्रका पाठ्यपुस्तक बिक्री गर्न पाइने अनुमति दिइएको थियो ।

छपाइ भइसकेका पाठ्यपुस्तक भने आगामी शैक्षिकसत्रमा जनक शिक्षा र निजीले बिक्री वितरण गर्न पाउने व्यवस्था शिक्षा मन्त्रालयले गरेको छ । जनक शिक्षाले वर्षभर नै पाठ्यपुस्तक छाप्ने गर्दछ । पाठ्यपुस्तक मूल्य निर्धारण समितिले गत मंसिरमा मूल्य निर्धारण गरेको थियो । समितिले पाँच हजारभन्दा बढी थान पुस्तक छाप्ने निजी पब्लिकेसनको हकमा एक कलरको प्रतिपेज ८९ दशमलव २५ पैसा, दुई कलरको प्रतिपृष्ठ एक रूपैयाँ, तीन कलरको प्रतिपेज एक रूपैयाँ १५ पैसा तोकेको छ ।

पाठ्यक्रम विकास केन्द्रले जनक शिक्षा सामग्री केन्द्रका लागि पाँच हजारभन्दा बढी थान पुस्तक छाप्दा प्रतिपृष्ठ एक कलर ३२ पैसा, दुई कलर ३६ पैसा र तीन कलरको ४५ पैसा तोकेको छ । जनक शिक्षाका लागि अर्को मूल्य सिफारिस भए पनि निर्णय भने भइसकेको छैन । नयाँ सिफारिस मूल्यअनुसार प्रतिपृष्ठ एक कलरको ३६ पैसा, दुई कलरको ४१ पैसा र तीन कलरको ५० पैसा निर्धारण गरिएको छ । पाठ्यपुस्तक मूल्य पुनरावलोकन गर्न पाठ्यक्रम विकास केन्द्रले उपसमिति बनाएको छ ।

# रेखा थापाको काखमा धुरू धुरू

काठमाडौं । मतगणना सुरू भएको १४ घण्टा पछि रातको ३ बजे पत्रकार सम्मेलन गरेर चुनावमा एमाओवादी विरूद्ध नियोजित र प्राविधिक षड्यन्त्र भएको आरोप लगाउने प्रचण्ड पार्टीमा प्रवेश गरेकी कलाकार रेखा थापाको काखमा घोप्टिएर धुरू धुरू रून पुगेको खबरले प्रचण्ड जस्ता शिखर स्टिल नेतालाई यसपटक जनताले कसरी निचोरेछन् भनेर थाहा पाउन सकिन्छ ।

१० वर्षे जनयुद्धकालमा जनताको दर्दनाक, अमानवीय तरिकाले गरेको हत्याको बदला जनताले मतदानका माध्यमबाट लिएको चर्चा आम नागरिकहरू ०६४ सालको निर्वाचनमा आतंक फैलाए जस्तो यसपटक आतंक फैलान नसकेकाले एमाओवादी वास्तविक स्थितिमा देखिएको बताउँछन् ।

हुन पनि मतदाता परिचयपत्रका कारण यसपटक धाँधलीका कुनै तिकडम नचलेकाले पनि एमाओवादीको सक्कली अनुहार देखिएको पर्यवेक्षण गर्नेहरूले समेत बताएका छन् । एमाओवादीका कार्यकर्ता, नेता बाहेक नेपाली र विदेशी कसैले पनि धाँधली भएको स्वीकार गरेनन् । यसरी हारेका प्रचण्ड धुरू धुरू रूँदा रेखा थापाले कसरी र कुन शब्दले शान्तवना दिइन् होली ?

## चौथो शक्ति चुत्थो नहोस्

काठमाडौं । ०६४ सालमा एमाओवादीका वाइसिएलहरूबाट गोरू चुटिए झैँ चुटिएका र लछारिएकाहरूलाई कमल थापाले राप्रपा नेपालमा समेट्ने प्रयास गरे । हिन्दू धर्म चाहिन्छ, संवैधानिक राजतन्त्र पनि चाहिन्छ, एकल जातीय संघीयता, एक मधेस एक प्रदेश चाहिन्न, एक नेपालका लागि उभिन्छौं भनेर संकल्प गरेको राप्रपा नेपाललाई नेपाली जनताले मानेका छन्, मान्यता दिएका छन् । राप्रपा नेपाल २०७० मंसिर ४ को निर्वाचनपछि संविधानसभामा चौथो शक्ति बनेको छ ।

अध्यक्ष कमल थापाको प्रतिवद्धता छ- संविधानसभामा पहिलो दिनदेखि नै हिन्दू धर्म र संवैधानिक राजतन्त्रका लागि लड्ने छौं । त्यो दिन आयो । कमल थापाको नेतृत्वमा राप्रपा नेपालले संविधानसभामा जनताको आवाज बोल्नुपर्छ, जनताको प्रतिनिधित्व गर्नुपर्छ ।






vjhsb

## अन्तिम बलमा नेपालको भाग्य

काठमाडौं । नेपाल अर्को वर्ष बंगलादेशमा हुने आइसिसी टी–२० विश्वकप क्रिकेटमा छनोट भएको छ । युएईमा सञ्चालन भइरहेको आइसिसी टी–२० विश्वकप छनोटको प्लेअफ खेलमा नेपालले चिरपरिचित प्रतिद्वन्द्वी हङकङलाई पाँच विकेटले हराउँदै विश्वकप क्रिकेटको टिकट पक्का गरेको हो ।

युएईको सेख जायेद रंगशालामा प्रतियोगितामै पहिलोपटक टस जितेर नेपाली टोलीका कप्तान पारस खड्काले हङकङलाई ब्याटिङको निम्तो दिए । हङकङले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर १४३ रनको चुनौतीपूर्ण लक्ष्य दियो । नेपालले इनिङको २०औं ओभरमा पाँच विकेट गुमाएर ऐतिहासिक जित हात पाऱ्यो । जितसँगै नेपाल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ । नेपालले फाइनल स्थानका लागि प्रतियोगिताको साबिक विजेता अफगानिस्तानविरूद्ध प्रतिस्पर्धा गर्नेछ ।

लक्ष्य पछ्याएको नेपालको ओपनिङ स्तरीय रह्यो । सुभाष खकुरेल (१६) र सागर पुनः (२२) ले पहिलो विकेटका लागि ४.३ ओभरमा ३२ रनको



साझेदारी गरे । तन्बिर अफजालको बललाई कट गर्ने प्रयासमा सुभाषले आफ्नो विकेट गुमाए । उनले १६ बलमा एक चौका प्रहार गरे । त्यसपछि सागरले उपकप्तान ज्ञानेन्द्र मल्ल (३०) सँग दोस्रो विकेटका लागि २२ रनको साझेदारी गर्दै नेपाललाई ७.२ ओभरमा ५४ रनको स्थितिमा राखे । नेपालले ७.३ ओभरमा ५० रन पूरा गरेको थियो ।

चालू प्रतियोगितामा पहिलोपटक धैर्यपूर्वक ब्याटिङ गरेका सागर हसिब अजमादको सीधा आएको बललाई बुझ्न नसक्दा एलबिडब्लू धरापमा परे । उनले १९ बलमा तीन चौका ठोके । शीर्ष दुवै ब्याट्सम्यान आउट भएपछि नेपाललाई लक्ष्यसम्म पुऱ्याउने जिम्मा टोलीकै सर्वाधिक सिनियर ब्याट्सम्यानद्वय पारस र ज्ञानेन्द्रमाथि आयो ।

दुवै ब्याट्सम्यानले तेस्रो विकेटका लागि २७ रनको साझेदारी गरे । १३.१ ओभरमा इर्फान अहमदद्वारा डिपमिडमा क्याच समात्नुअघि ज्ञानेन्द्रले २७ बलमा तीन चौका प्रहार गरे । ज्ञानेन्द्र आउट हुँदा नेपालले प्रतिओभर आठ रनभन्दा माथि बनाउनुपर्ने थियो । यता, उत्कृष्ट फर्ममा रहेका पारसले विनोद भण्डारी (७) सँग चौथो विकेटका लागि २३ रनको साझेदारी गर्दै नेपाललाई १६.३ ओभरमा ११०–४ को स्थितिमा राखे ।

विनोदले नौ बलम एक चौका प्रहार गरे । अन्तिम पाँच ओभरमा नेपालले दबाबको सामना गऱ्यो । हङकङका बलरले कसिलो बलिङ गर्दा नेपालले तीन ओभरमा जितका लागि प्रतिओभर दशभन्दा माथि रनरेट जोड्नुपर्ने अवस्था आइसकेको थियो । केन्याविरूद्ध ६ बलमा २३ रन जोडेका मध्यक्रमका ब्याट्सम्यान शरद भेसवाकर (१३) र पारसबीच पाँचौं विकेटका लागि १८ रनको साझेदारी सम्भव भयो ।

इनिङको १८.३ ओभरमा पारस नटस्ट्राइकर शरदलाई हेर्दै नहेरी दोस्रो लिने प्रयासमा रनआउट भए । पारस आउट हुँदा जितका लागि नेपाललाई ९ बलमा १६ रन चाहिन्थ्यो । अन्तिम ओभरमा शरदले नदिम अहमदको पहिलो दुई बलमा क्रमशः छक्का र चौका प्रहार गर्दै जितका लागि पाँच रनमा झारे । हङकङले इनिङकै अन्तिम दुई बलमा सबै ११ खेलाडीलाई ३० यार्ड घेराभित्र फिल्डिङ राख्दै नेपाललाई एक रन पनि लिन नदिने योजना बनायो ।

तर, शरदले आफ्नो जादुमयी खेल प्रस्तुत गर्दै अन्तिम बलमा एक रन लिँदै नेपाललाई पहिलोपटक विश्वकप क्रिकेटमा छनोट गराए । शरदले सात बलमा उत्कृष्ट तथा म्याच विनिङ पफर्मेन्सका रूपमा १३ रन जोडे । प्रदीप ऐरीले चार बलमा तीन रन बटुले ।

यसअघि ब्याटिङ गरेको हङकङले १.४ ओभरमै आफ्ना मुख्य ब्याट्सम्यान इर्फान अहमदलाई गुमाएको थियो । जितेन्द्र मुखियाले पारसद्वारा इर्फानलाई क्याच समात्न लगाए । नेपाली बलरले इनिङको १५औं ओभरसम्म कसिलो बलिङ गर्दा हङकङ एक समय १२० रन कटाउनै नसक्ने अवस्थामा थियो । तर, पुछारका तन्बिर अफजालले १९औं ओभरमा १८ रन र २०औं ओभरमा ११ रन जोडेपछि हङकङले १४३ रनको योगफल खडा गर्न सफल भएको हो ।

इनिङको १५औं ओभरमा जितेन्द्र ह्याट्रिकनजिक पुगेका थिए । मुनिर दार (२०) र मार्क चाम्पम्यान (८) लाई लगातार बलमा आउट गर्दै जितेन्द्र ह्याट्रिकनजिक पुगेका हुन् । हङकङको ब्याटिङ इनिङमा वासक वर्कटले २५ तथा निजाकत खानले २५ रनको योगदान दिए । बलिङमा जितेन्द्रले ३२ रन खर्चेर सर्वाधिक तीन विकेट लिए । अविनाश कर्णले दुई तथा पारसले एक विकेट हात पारे ।

# सशस्त्र प्रहरीले गर्‍यो रक्तदान कार्यक्रम

काठमाडौं । सशस्त्र प्रहरी बलले बुधबार उपत्यका सुरक्षा गण सिनामंगलमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रममा प्रधान कार्यालयलगायत काठमाडौं उपत्यकास्थित सबै एपीएफ इकाईमा कार्यरत २ सय २० जना सशस्त्र प्रहरी कर्मचारीले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रमबाट २ सय २० पिन्ट रगत संकलन भएको छ ।

यसअघि गत कात्तिक तेश्रो साता आयोजना गरिएको रक्तदान कार्यक्रममा १ सय २५ पिन्ट रगत संकलन गरिएको थियो । काठमाडौंमा रगतको अभाव भएको भनि संचार माध्यममा प्रकाशित समाचार आएपछि सशस्त्र प्रहरी महानिरीक्षक कोषराज वन्तको निर्देशनमा रक्तदान कार्यक्रमको आयोजना गरेको हो । सशस्त्र प्रहरी बल व्यावसायिक कामकारवाहीको अतिरिक्त यस्ता सामाजिक कामकारवाहीमा समेत सकृय रहेको तथा आगामी दिनहरूमा समेत रगतको अभाव हुन पुगेमा सशस्त्र प्रहरी बलले आफ्नोतर्फबाट योगदान पुर्‍याउनेछ ।



सेवा, सुरक्षा तथा सहयोग र आपत विपद्मा परेकाहरूको उद्धार कार्यको लागि सशस्त्र प्रहरी बल सधै कृयाशिल रहेको छ । बलले पेशागत जिम्मेवारी निर्वाह गर्ने क्रममा हटलाइन सेवा १११४ (शुल्क नलाग्ने) संचालनमा समेत ल्याएको छ ।

व्यक्तिको जीवनसँग जोडिएको रगत अभाव जस्ता अवस्थामा संगठनले सधै सहयोग पुर्‍याउने तथा समस्या परेको अवस्थामा सम्बन्धित निकायले उचित समन्वय राखि रक्तदान कार्यक्रम संचालन गर्न चाहेमा बलले आवश्यक सहयोग गरिरहने छ । काठमाडौं उपत्यकामा संचालित रक्तदान कार्यक्रमबाट रगतको अभाव टार्न सहयोग पुग्ने बलले विश्वास लिएको छ । रगतको अभाव रहिरहेमा र सम्बन्धित निकायले देशभरका एपीएफ इकाईमा रक्तदान कार्यक्रम गर्न चाहेमा त्यसतर्फ सहयोग पुर्‍याउन समेत बल प्रतिवद्ध रहेको छ ।

## /Elg va/

### अरबको आँधी सार्वजनिक

काठमाडौं। वसन्त नेपालको उपन्यास 'उल्कापात' सार्वजनिक भएको छ । आइतबार नागरिक मिडिया क्लबमा आयोजित कार्यक्रममा राष्ट्रकवि माधवप्रसाद घिमिरेले पुस्तक सार्वजनिक गरे ।

कार्यक्रममा राष्ट्रकवि घिमिरेले उपन्यासमा आफ्नो भविष्य खोज्न वैदेशिक रोजगारीमा जाने नेपाली युवाको यथार्थता चित्रण गरिएको बताए । कार्यक्रममा वरिष्ठ नियात्राकार युवराज नयाँघरेले उपन्यास पढ्दा आफू भावुक भएको बताए । उनले भने, 'म विभिन्न खाडी मुलुकदेखि युरोपियन देशमा पनि गएको छु । नेपाली युवाले भोग्नुपरेको पीडा देखेको छु ।'

लेखक वसन्तले उपन्यास सत्यतामा आधारित रहेकाले विदेश जान चाहिरहेका र विदेशमा कार्यरत युवाका लागि उपयोगी हुने दाबी गरे ।

### उर्वशीको आश

काठमाडौं। पछिल्लो समय चर्चामा रहेको चलचित्र 'उर्वशी' आजदेखि रिलिज हुने भएको छ । मनीष पन्तको लेखन र निर्देशनमा बनेको उर्वशीका निर्माता खगेश्वर पुन हुन् । पुनले एक दशकअघि 'पूर्णिमा' नामक चलचित्र निर्माण गरेका थिए । निर्माण युनिटले बुधबार राजधानीमा प्रेसमिट गरी चलचित्रबारे जानकारी दियो ।

उर्वशीकी उर्वशी अर्थात् नायिका नीता ढुंगानाले चलचित्रमा आफू शीर्ष भूमिकामा रहेकाले निकै आशावादी रहेको बताइन् ।



'मैले धेरै मिहिनेत गरेकी छु । भर्सटाइल अभिनय देखाउने मौका पाएकी छु,' आफूले निभाएको भूमिकाबारे उनले भनिन्, 'छुच्ची, घमण्डी तर कोमल हृदयकी युवती बनेकी छु । दर्शकलाई मेरो भूमिका र अभिनय नौला लाग्नेछ ।' आफू छोटो तर मिठो भूमिकामा रहेको अरूणिमा लम्सालले बताइन् । उनले उर्वशी आफ्नो 'कमब्याक' चलचित्र भएको बताउँदै भनिन्, 'नानी पाएपछि खेलेको पहिलो फिल्म हो । त्यसैले कस्तो होला भन्ने कुतूहलता छ ।'

राजधानी र मोफसलका तीन दर्जनभन्दा बढी हलमा एकसाथ प्रदर्शन हुने चलचित्रले आफूलाई नयाँ उचाइ दिने अभिनेता किशोर खतिवडाले बताए । त्यसैगरी, अर्का अभिनेता किशोर श्रेष्ठले आफूभन्दा सिनियर कलाकारसँग अभिनय गर्दा धेरै कुरा सिक्न पाएको अनुभव सुनाए भने चरित्र अभिनेत्री रश्मि भट्टले उर्वशीमा आफूले अविस्मरणीय अभिनय गरेको दाबी गरिन् । उर्वशी युनिटले अडियो सिडी विमोचन गरेको कार्यक्रममा संगीतकार विकास चौधरी, अर्जुन कौशललगायतले पनि चलचित्रबारे आफ्ना विचार राखेका थिए । चलचित्रमा नीता,अरूणिमा र किशोरका साथमा मुकेश आचार्यले पनि अभिनय गरेका छन् ।

### पुस २६ मा कमेडी '६ एकान ६'

काठमाडौं । कमेडी चलचित्र '६ एकान ६' पुस २६ गतेदेखि प्रदर्शन हुने भएको छ । चलचित्रको निर्माण युनिट आमा सरस्वती गीतादेवी फिल्म्सले सोमबार राजधानी प्रेसमिट गरी चलचित्र भरपुर मनोरञ्जक भएकाले एकपटक हेर्नैपर्ने दाबी गर्‍यो ।

दिनेश डिसीको निर्देशनमा हास्य कलाकारहरु दीपकराज



गिरी, दीपाश्री निरौला र निर्मल शर्मा गैंडाले संयुक्त रूपमा निर्माण गरेको चलचित्रमा चर्चित हास्य टेलिशृंखला तीतो सत्य, मेरी बास्सै र जिरे खुर्सानीका लगभग सबै प्रमुख कलाकारले अभिनय गरेका छन् ।

'हामीले दर्शकको मनोरञ्जनका लागि चलचित्र निर्माण गरेका हौं,' कार्यक्रममा बोल्दै निर्मातासमेत रहेका दीपकराजले भने, 'छुट्टाछुट्टै टेलिशृंखलामार्फत हामीलाई जसरी दर्शकले माया गरेका छन्, अब एउटै चलचित्रमा देख्दा अझ धेरै मन पराउनेछन् भन्नेमा विश्वस्त छौं ।' उनले ६ एकान ६ हाँसो र मनोरञ्जनको नौलो खुराक भएकोसमेत दाबी गरे ।

निर्देशक दिनेश डिसीले चलचित्रमा स्ट्यान्डर्ड कमेडी प्रस्तुत गरिएको बताउँदै भने, 'तीतो सत्य, मेरी बास्सै, जिरे खुर्सानी र ट्वाक्क टुक्कमा समेत नदेखिएको कमेडी ६ एकान ६ मा छ । त्यसैले दर्शकको मन जित्नेमा विश्वस्त छौं ।' उनले चलचित्र पुस २६ गतेदेखि देशभरका हलका साथै विश्वका थुप्रै देशमा एकसाथ प्रदर्शन हुने जानकारी दिए ।

गायक राज सिग्देलले एउटा गीत प्रत्यक्ष प्रस्तुत गरेको कार्यक्रममा निर्मातासमेत रहेका निर्मल शर्मा र दीपाश्रीले चलचित्रले उठान गरेको विषय र कलाकारको प्रस्तुतिले दर्शकलाई अधिक मनोरञ्जन दिने बताए । निर्मलले यसअघि आफूले निर्माण गरेका 'जलन', 'नेपाल'लगायत चलचित्र सुपरफ्लप भएको स्मरण गर्दै यो चलचित्रबाट धेरै पैसा कमाउने उद्देश्य नलिएको बताए । 'पैसै कमाऔं भनेर फिल्म बनाएको होइन । यत्तिका वर्ष यो क्षेत्रमै बाँचिएको छ । सबैजना मिलेर संयुक्त पहल गरेका हौं । यसपालि भने सफल हुनेमा ढुक्क छु ।' कार्यक्रममा नायिका नीता ढुंगानाले ६ एकान ६ आफ्ना लागि निकै महत्वपूर्ण भएको बताइन् ।

६ एकान ६ का गीत हरिवंश आचार्य, राज सिग्देल, किरण केसी, राजु इशान, दुर्गा परियार, युवराज चौलागाईं र दिनेश डिसीले गाएका छन् भने शम्भुजीत बास्कोटाको संगीत छ । दीपकराज गिरीको कथा र संवाद, जगदीश्वर थापाको पटकथा रहेको चलचित्र पुरूषोत्तम प्रधानले खिचेका हुन् । नीता ढुंगाना, दीपकराज गिरी, शिवहरि पौडेल, जितु नेपाल, राजवल्लभ कोइराला, सीताराम कट्टेल (धुर्मुस), केदार घिमिरे (माग्ने बुढो), सन्दीप क्षेत्रीलगायतले अभिनय गरेका छन् ।

## sk/'6

### ग्लोबल आइएमईको रेमिट सम्झौता

काठमाडौं। ग्लोबल आइएमई बैंक र युएईको डेनिबा इन्टरनेसनल एक्सचेन्जबीच रेमिट्यान्स कारोबारसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य र डेनिबा इन्टरनेसनल एक्सचेन्जका कार्यकारी निर्देशक अब्बास मोहमद इसाले हस्ताक्षर गरेका थिए । सम्झौतापछि युएईमा रहेका डेनिबा इन्टरनेसनलका सबै शाखामार्फत पठाएको रकम नेपालमा रहेका ग्लोबल आइएमई बैंकका ७२ शाखा र इन्टरनेसनल मनी एक्सप्रेसका २५ सय एजेन्टमार्फत सेवाग्राहीले सहजै प्राप्त गर्न सक्नेछन् ।

### नेपाल इन्भेस्टमेन्टको थप सेवा

काठमाडौं। नेपाल इन्भेस्टमेन्ट बैंक लिमिटेडले एमपिओएस सेवा सुरू गरेको छ । यस्तो सेवा सुरू गर्ने बैंक पहिलो भएको सोमबार जारी विज्ञप्तिमा उल्लेख छ । यस सेवाबाट ग्राहकले थप सुविधा पाउने बैंकले जनाएको छ । अब बैंकको अनलाइनबाट सबै सुविधा प्राप्त हुनेछ । बैंकका सबै शाखाबाट यस्तो सुविधा प्राप्त हुने बैंकको विज्ञप्तिमा उल्लेख छ ।

### एनआइबिएलको शाखारहित सेवा

काठमाडौं। नेपाल इन्भेस्टमेन्ट बैंक (एनआइबिएल)ले काठमाडौंको टोखा चण्डेश्वरीमा शाखारहित बैंकिङ सेवा सञ्चालन गरेको छ । टोखासहित बैंकका शाखारहित बैंकिङ सेवा ६ पुगेका छन् ।

अत्याधुनिक बैंकिङ सेवा प्रदान गर्ने लक्ष्यसहित शाखारहित बैंकिङ सेवा सञ्चालनमा ल्याएको बैंकले जनाएको छ । बैंकका अनुसार शाखामा खाता खोल्न, रकम झिक्न तथा राख्न, बिल भुक्तानीलगायत सेवा उपलब्ध हुनेछन् । साथै, नेपाल सरकारको वृद्ध, एकल महिला र अपांग भत्तासमेत वितरण गरिनेछ ।

### सिभिलको ५.७५ प्रतिशत नगद लाभांश

काठमाडौं। सिभिल बैंक सञ्चालक समितिको १३५औं बैठकले सेयरधनीलाई ५.७५ प्रतिशत नगद लाभांश वितरण गर्ने भएको छ । बैंकले गत वर्षको नाफाबाट नगद लाभांश वितरणको प्रस्ताव गरेको हो । बैंकले गत वर्ष १२ करोड १२ लाख रूपैयाँ खुद मुनाफा आर्जन गरेको जनाएको छ ।

### गरिमा सातौं वर्षमा

कास्की । पोखरामा मुख्य कार्यालय रहेको गरिमा विकास बैंक सातौं वर्ष प्रवेश गरेको छ । वार्षिकोत्सव अवसरमा हालसम्म बैंकको अधिकृत पुंजी १ अर्ब तथा जारी तथा चुक्ता पुँजी २२ करोड रहेको जानकारी दिइएको थियो । बैंकका मुख्य कार्यालयसहित विभिन्न स्थानमा १४ शाखा कार्यालय सञ्चालनमा छन् । बैंकले आव ०६९।७० को नाफाबाट सेयरधनीलाई २० प्रतिशत बोनस सेयर र ५ प्रतिशत नगद लाभांश गरी २५ प्रतिशत लाभांश वितरण गरेको प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकालले जानकारी दिए । बैंकले आव ०६९।७० मा ३ अर्ब निक्षेप संकलन तथा २ अर्ब ४३ करोड कर्जा लगानी गरी ९ करोड ६१ लाख सञ्चालन मुनाफा आर्जन गरेको वार्षिकोत्सव अवसरमा जानकारी दिइएको थियो ।

### भैरहवामा मुक्तिनाथको शाखा

बुटवल। पोखरामा मुख्य कार्यालय रहेको मुक्तिनाथ विकास बैंकले भैरहवामा शाखा विस्तार गरी कारोबार सुरू गरेको छ । भैरहवासहित बैंकका शाखा सञ्जाल २० पुगेका छन् । राष्ट्र बैंक भैरहवाका प्रमुख व्यवस्थापक हरिशरण केसीले सोमबार बैंक शाखा उद्घाटन गरेका थिए । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत भरतराज पौडेलले सर्वसाधारणको पहुँच बैंकसम्म बढाइने बताए ।

### सिभिल बैंक अब चौथो वर्षमा

काठमाडौं। सिभिल बैंक लिमिटेडले सोमबार तेस्रो वर्ष पूरा गरी चौथो वर्षमा प्रवेश गरेको छ । सो वार्षिकोत्सव मनाउन बैंकले आफ्नो कमलादीस्थित कर्पोरेट अफिसमा रक्तदान कार्यक्रमको आयोजना गरेको विज्ञप्तिमार्फत जनाएको छ । पशुपतिनाथस्थित वृद्धाश्रममा कम्बल वितरण गरेको बैंकले जनाएको छ । रक्तदानमा बैंकका कर्मचारी र ग्राहकहरु गरी ४३ जनाले रक्तदान गरेका छन् । पशुपतिनाथ वृद्धाश्रममा भएका सबै वृद्धालाई २ सय ३० थान कम्बल वितरण गरेको बैंकले जनाएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किशोर महर्जनले देशमा विद्यमान रक्तअभावलाई सिभिल बैंकमा भएको रक्तदान कार्यक्रमले थोरै भए पनि योगदान पुर्‍याउने बताए । यसै वर्ष बैंकले आफ्नो प्रारम्भिक सेयर निष्कासन गरी चुक्ता पुंजी २ अर्ब रूपैयाँ पुर्‍याएको जनाएको छ । यसैवर्ष बैंकले एक्सिस डेभलपमेन्ट बैंक लिमिटेड र सिभिल मर्चेन्ट वित्तीय संस्थासँग मर्जरका लागि पनि सम्झौतापत्रमा हस्ताक्षर गरिसकेको छ । यसै वर्षधँ बैंकले आफ्नो मास्टर कार्ड बजारमा ल्याउनुका साथै आफ्नो मोबाइलबाटै नेपाल टेलिकमको पोस्टपेड, प्रि-पेड, ल्यान्ड लाइन तथा एडिएसएल महसुल तिर्ने व्यवस्था मिलाइएको विज्ञप्तिमा उल्लेख छ ।

### नेपाल लाइफको बोनस दर घोषणा

काठमाडौं। नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले आव ०६८।६९ को स्वीकृत बिमांकीय मूल्यांकन प्रतिवेदनका आधारमा कम्पनीको बोनसदर प्रतिहजार प्रतिवर्ष बिमांकमा ८२ रूपैयाँ घोषणा गरेको छ । जुन जीवन बिमा क्षेत्रमा हालसम्म घोषित बोनसदरको तुलनामा सर्वाधिक उच्च रहेको कम्पनीले दाबी गरेको छ ।

पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३१ | अङ्क : १८ | २०७० मंसिर १४ गते शुक्रबार (Nov. 29, 2013) | मूल्य रू. १०/-

## राजनीतिक अन्यौल बढ्ने संकेत

काठमाडौँ । दोस्रो संविधानसभाको निर्वाचन परिणामले राजनीतिक शक्ति सन्तुलनमा फेरबदल ल्याएपछि भावी राजनीतिक र संविधान निर्माण प्रक्रियामा अन्यौल उत्पन्न हुन सक्ने सम्भावना बढेर गएको छ । विघटित संविधानसभाले गरेका संविधान निर्माण सम्बन्धी सहमति कार्यान्वयन गर्ने समझदारी दलहरूले गरेका भए पनि नयाँ शक्ति सन्तुलनले त्यसमा असर पर्न सक्ने सम्भावना देखिएको छ ।

विघटित संविधानसभामा उपस्थित भएका प्रमुख दलहरूको अवास्थामा अहिले केही फेर बदल भएको छ । तत्कालीन ठूला दल एमाओवादी, नेपाली कांग्रेस र नेकपा एमालेबीच संविधानका अधिकांश विषयहरूमा सहमति भएको थियो । त्यसबेला संविधानसभामा एमाओवादीको संख्या दुई सय (**बाँकी अन्तिम पेजमा**)

# भारतले तर्साउँदा प्रचण्ड ठण्डाराम

काठमाडौं । संविधानसभामा जाँदैनौं, संविधानसभाको निर्वाचन परिणाम मान्दैनौं भनेर घुर्की, तपर्की लगाइरहेका बेलामा भारतीय राजदूत रञ्जित रेले प्रचण्डलाई भेटेर निर्वाचन निष्पक्ष र धाँधलीरहित भएको मात्र बताएनन्, दिल्लीमा भएको १२ बुँदे सहमतिको अन्तिम कार्य सम्पन्न गर्ने बेला आयो भनेर सम्झना गराएपछि प्रचण्डको रोन डाउन मात्र भएन, उनले पत्यक्ष निर्वाचन जितेको २६ स्थानमा विजयोत्सव मनाउन



निर्देशन समेत जारी गरे । स्मरणीय छ, भारतीय राजदूत रे १२ बुँदे सहमतिका लेखक हुन् ।



आफ्नो राजनीतिक मृत्युबाट उम्कन र राजनीतिक भविष्य सुनिश्चित गर्नैका लागि प्रचण्डले पार्टीको पदाधिकारी र



केन्द्रीय समितिको बैठक डाकेर सहमतिको आधारमा नयाँ संविधान लेख्न कांग्रेस र (**बाँकी अन्तिम पेजमा**)

## वैद्यको सर्तले प्रचण्ड जिल्लाराम

काठमाडौँ । वैद्य र उनका पछि लागेका ३३ दल नआए नआउन् भनेर चुनावमा गएका प्रचण्ड तीन बल्ड्याङ खाएर कार्यगत एकता गरौं भन्दै आएपछि वैद्य खेमा भाले हुन पुगेको छ । प्रचण्डको राँणे रूवाइ सुनिसकेपछि नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले प्रचण्डलाई संविधानसभाबाट राजीनामा दिएर आए कार्यगत एकता हुनसक्छ भनेर सर्त तेर्स्याएपछि अमिलो अनुहार लगाएर फर्केका प्रचण्ड संविधानसभाको कोर्स नछाड्ने निर्णयमा पुगेका छन् ।

आफ्नो सेफ ल्यान्डिङका लागि वर्षमान पुनको नेतृत्वमा छानविन आयोग बनाएर संविधानसभामा छिर्न लागेका प्रचण्डले अहिले पनि धाँधली भएकै ठहर गरेका छन् । तर मंसिर ४ को निर्वाचन नेपालको इतिहासमै सबैभन्दा (**बाँकी अन्तिम पेजमा**)

## हारपछि धाँधलीको आरोप जनताको अपमान

काठमाडौं । मंसिर ४ गते सम्पन्न भएको दोस्रो संविधानसभाको निर्वाचनपछि मुलुकले नयाँ दिशा लिने र संविधान निर्माण हुने आशा पलाएकोमा एमाओवादीले फेरि मुलुकलाई अन्यौलमा लान सक्ने सम्भावना बढेको छ । मंसिर ४ गते सम्पन्न भएको संविधानसभाको निर्वाचनलाई एमाओवादी अध्यक्ष पुष्पकमल दाहालले स्वतन्त्र निष्पक्ष र धाँधलीरहित रूपमा सम्पन्न भएको भन्दै सोही दिन सरकार, नेपाली जनता र निर्वाचन आयोग र सुरक्षा निकायलाई समेत धन्यवाद दिएका थिए ।

संविधानसभाको चुनावको प्रारम्भिक परिणाम आउनासाथ एमाओवादी नेतृत्वले एकाएक रूपमा आफ्नो पराजय देखेपछि मध्यरातमा निर्वाचन परिणामलाई स्वीकार नगर्ने उद्घोष गरेर नेपाली जनताको अपमान मात्र गरेको छैन, जनतालाई नै अविश्वास गर्नुले सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको



अधिकारमाथि नै खेलवाड गरेको छ । जनताले आफ्नो विवेक प्रयोग गरेर दलहरूलाई मतदान गरेका थिए । दलहरूका लागि जनता नै न्यायाधीश हुन्, न्यायाधीशले दिएको न्यायलाई दलहरूले (**बाँकी अन्तिम पेजमा**)

## औंला आफैंतिर पनि फर्कन सक्छ



काठमाडौँ । निर्वाचन आयोगले संविधानसभा चुनावका सबै प्रक्रियाहरू अन्तर्राष्ट्रिय मापदण्ड अनुसार भएको भन्दै चुनावको निष्पक्षतामा प्रश्न उठाएर केही दलहरूले गरिरहेका प्रचारप्रति दुःख व्यक्त गरेको छ- निर्वाचन आयोगका प्रमुख आयुक्त निलकण्ठ उप्रेतीले शनिबार पत्रकार सम्मेलन गरेर सबै पक्षको अवलोकनमा भएको चुनावी प्रक्रिया कुनै हालतमा पनि पुनरावलोकन हुन नसक्ने प्रष्ट पारेका छन् ।

निर्वाचनलगत्तै चुनाव सफल भएको सार्वजनिक अभिव्यक्ति दिएका एमाओवादीका नेताहरूले चुनावी परिणाम आफ्नो पक्षमा नआएको र आफ्नो पार्टीको हार हुने देखेपछि सम्पूर्ण प्रक्रिया नै पुनरावलोकन (**बाँकी अन्तिम पेजमा**)

## पूर्वराजाको पनि योगदान

*शाश्वत शर्मा खतिवडा*

राप्रपा नेपालले प्रत्यक्षतर्फको चुनावमा 'सम्मानजनक' हार को सामना गर्नु परे पनि समानुपातिकतर्फ यो पंक्ति लेखुन्जेल (करिब ६ लाख) वरियताक्रममा चौथो स्थानमा पुग्नुमा प्रमुख दलहरू भनिएका काँग्रेस, एमाले र एमाओवादीपछि मधेसवादी दलहरूको अकर्मण्यता, नालायकीपन तथा देश र जनताप्रतिको उनीहरूको उदासिनताले गर्दा त हुँदै हो । त्यो बाहेक राप्रपा नेपालका लागि अर्को सकारात्मक कुरा चैं यसले उठाएका मुद्दाहरू अनि (**बाँकी अन्तिम पेजमा**)




